अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक
ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : २ / २०८३ साउन ८ गते शुक्रबार / नेपाल सम्वत ११४६ / July 24, 2026 / मूल्य रू. १०/-

## आफ्नो असफलता लुकाउन स्टाटसको सहारा लिँदै प्रधानमन्त्री

काठमाडौ । रास्वपा नेतृत्वको बालेन सरकारप्रति दिनप्रतिदिन जनतामा असन्तुष्टि बढिरहेको छ । सरकारले सुशासन, पारदर्शिता र नागरिकको आवाजको बाचा गर्दै बनेको झण्डै दुई तिहाईको शक्तिशाली सरकारले जनतामा आशा जगाउन नसकेको हुनाले सडकमा न्याय खोज्ने नागरिकको भीड घटेको छैन । बालेन साह नेतृत्वको सरकार चैत्र १३ गते निर्माण भएयता असार मसान्त सम्ममा झण्डै ८ सय भन्दा बढी विरोध प्रदर्शन र धर्ना काठमाडौमा मात्र भएका छन् । विरामीलाई उपचार गर्ने डाक्टरदेखि जेनजीहरु, बलात्कार पिडितहरु, मिटर व्याज पिडित देखि प्रहरी कारबाहीमा परेका परिवार सम्मका असन्तुष्टिका स्वरहरु माइतीघर र सिंहदरबार लगायतका क्षेत्रमा सडकमै गुम्सिएका छन् ।

बालेन सरकारले आफ्नो प्रतिवद्धता अनुरूप जनतालाई न्याय

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# गत भाद्र २३ र २४ गतेको घटनाको रहस्य विस्तारै खुल्दै

## प्रधानमन्त्री बालेनद्वारा संसदको अधिकारमाथि नै प्रहार

**देवेन्द्र चुडाल**



काठमाडौ । झण्डै दुई तिहाई नजिकको रास्ववा नेतृत्वको बालेन साह सरकारले जनतामाथि अनेक प्रकारको करहरु थोपारेको छ । जस्तै विद्युतमा ५ प्रतिशत कर शिक्षामाथि कर, स्वासथ्य सेवामा कर र लाशमाथि समेत कर लगाएको छ । उक्त करको चौतर्फी विरोध भएपछि प्रधानमन्त्री साहले श्रावण ४ गते स्टाटस मार्फत शिक्षा र स्वास्थ्मा लगाएको कर हाललाई स्थगित गरिएको उल्लेख गरेका छन् । श्रावण ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त कर फिर्ता लिने निर्णय गरेको छ ।

प्रधानमन्त्री साहले सामाजिक सञ्जालमार्फत कर फिर्ता लिएको उल्लेख गरेका भएपनि त्यसको कानुनी मान्यताका लागि निश्चित प्रक्रिया अपाउनुपर्ने हुन्छ । सरकारले मन्त्रिपरिषद्को बैठकबाट निर्णय गरेर संसदका दुवै सदन प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट समेत पारित गराएर लागु गरेको थियो । अब फिर्ताका लागि समेत त्यही प्रक्रिया अपनाउनुपर्ने हुन्छ ।

सरकारले मात्र चाहेर ती करहरु फिर्ता हुन सक्दैनन् । संसदले समेत अनुमति दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । सरकारले आर्थिक ऐन मार्फत शिक्षा र स्वास्थ्यमा ३/३ प्रतिशत समता कर लगाउने निर्णय गरेको थियो । सो कर हालको लागि लागु नगर्ने निर्णय गरेको प्रधानमन्त्री साहले सामाजिक सञ्जालमार्फत उल्लेख गरेकाले कर फिर्ता लिएको होइन । हाललाई स्थगित मात्र गरिएको हो । कर हाल लागु नगर्ने निर्णय भएको बताइएको भएपनि सो निर्णय प्रधानमन्त्री कार्यालयबाट भएको हो कि मन्त्रिपरिषद्को बैठकबाटै भएको हो त्यो खुलाईएको थिएन । तर ६ गतेको मन्त्रिपरिषद्को बैठकले कर फिर्ता लिने निर्णय गरेको थियो ।

प्रधानमन्त्री साहले जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार भन्दै आफूहरूको मुख्य उदेश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु रहेको बताएपनि सरकारको व्यवहारमा त्यस्तो देखिएको छैन । त्यसको प्रत्यक्ष प्रमाण हो सुकुम्बासीहरूमाथि गरिएको व्यवहार र विपक्षी दलका नेता तथा कार्यकर्ताहरूमाथि गरिएको प्रतिशोधको राजनीति हुन त बालेन सरकार जेनजीहरूको विरोध प्रदर्शन गत भाद्र २३ गते र भाद्र २४ गतेको विध्वसात्मक कार्यका उपज नै हो । बालेन सरकार गठन भएको चैत्र १३ गते नै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई मध्यरातमा पक्राउ गरेर प्रतिशोधको राजनीतिमा बालेन सरकार लागेको थियो ।

अहिले आएर सरकारले विपक्षी

>>> बाँकी ८ पेजमा

## शिक्षा, स्वास्थ्यमा कर, संविधानको उल्लंघन

काठमाडौं । रास्वपाको नेतृत्वको बालेन सरकारसँग झण्डै दुई तिहाईको मत रहेको भएपनि रास्वपाले त्यो मतको सही प्रयोग गर्नुको बदला त्यो मतलाई गलत तवरले प्रयोग गर्न थालेको छ । प्रधानमन्त्री बालेन साहको सचिवालयमा रहेका व्यत्तिःहरूको सहयोग र समर्थनमा रास्वपाका सांसदहरूले सरकारी कर्मचारी र सम्वैधानिक निकायका कर्मचारीहरूलाई हप्कीदप्की गर्न थालेका छन् ।

सांसदहरूको मूख्या काम भनेको नियम कानुन बनाउने हो । सरकारका काम कारबाहीको अनुगमन गरी जनताका समस्याहरु सरकारसँग पुर्‍याएर त्यस्ता समस्याहरु समाधान गर्ने प्रयास गर्नुपर्नेमा अनुगमनका

>>> बाँकी ८ पेजमा

## बदलाको भावनामा बालेन सरकार

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसद प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार एक्लै अघि बढ्ने प्रयासमा रहेको र प्रधानमन्त्री बालेनको सचिवालयका सल्लाहकारहरूको व्यवहारले गर्दा बालेन सरकार संकटको भूमरीमा पर्दै गएको आभास पाउन थालिएको छ ।

सरकारले सुकुम्बासीहको समस्या समाधान गर्ने भन्दै नदि किनारमा बसेका मानिसलाई जबरजस्ती उठायो । सुकुम्बासी बस्तीमा डोजर चलाएको थियो तर त्यसबेलाको तत्कालिन सरकारले सुकुमबासीहरूको तथ्याँक लिएर र आवासको व्यवस्था गरेर मात्र बस्ती हटाउनुपर्ने अडान राखेपछि मेयर साह पछि हटेका थिए ।

बालेन सरकारले सुकुम्बासी बस्ती त हटायो तर आवश्यक व्यवस्था गर्न भने सरकार चुकेको प्रष्ट रूपमै

>>> बाँकी ८ पेजमा

## घमण्ड र दम्भले देश चल्दैन ?

काठमाडौ । रास्वपा नेतृत्वको बालेन सरकार विपक्षी दलहरूलाई मात्र होइन सम्वैधानिक निकायका पदाधिकारीहरूलाई समेत ऐन कानुन मिचेर आफ्नो स्वार्थमा प्रयोग गर्न चाहान्छ भन्ने प्रमाण त केही समय अघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीहरूलाई ५ घण्टामात्र होइन आवश्यक परे पाँचौ वर्षसम्म सोधपुछ गर्न सकिन्छ भन्ने अभिव्यक्ति दिनु सम्वैधानिक निकायमाथि ठाडो हस्तक्षेप गर्ने प्रयास हो ।

सम्वैधानिक निकायहरूलाई संविधानले नै स्वतन्त्रतापूर्वक आफ्नो काम गर्न अधिकार दिएको छ । सम्वैधानिक निकायहरु सरकारका स्वतन्त्र अङ्ग हुन् । समवैधानिक निकाय र कर्मचारीतन्त्रलाई तर्साएर होइन धम्की दिएर होइन कानुनमा व्यवस्था भएनुसार मिलाएर अघि बढ्नुपर्नेमा प्रधानमन्त्री साहमा त्यस्तो व्यवहार देखिएन ।

प्रधानमन्त्री साह र रास्वपाका केही सांसदहरूले दुई तिहाईको दम्भ देखाउन थालेका छन् । एक पटकको दुई तिहाई सँधैभरीका लागि हुन सक्दैन । यस भन्दा अगाडि पनि विभिन्न काण्डखण्डमा एउटै पार्टीले दुई तिहाई मत पाएको इतिहास साँक्षी रहेको छ । २०१६, २०५२ साल २०७९ मा समेत राजनीतिक दलहरूले दुई तिहाई मत पाएका थिए तर कुनैपनि दलले त्यसबेला पूरा कार्यकाल सरकार सञ्चालन गर्न नसकेको प्रमाण जिवितै रहेको छ ।

२०६४ मा माओवादी केन्द्रले एक्लै बहुमत ल्याएको थियो तर सरकार चल्न सकेन

>>> बाँकी ८ पेजमा

## दृष्य अदृष्य शक्तिको बलमा प्रधानमन्त्री त्यसैले संसदप्रति अविश्वास

काठमाडौ । लोकतान्त्रिक व्यवस्थामा संसदबाटै प्रधानमन्त्री चुनिने व्यवस्था रहकाले गर्दा प्रधानमन्त्री संसदप्रति उत्तरदायी रहनुपर्ने विश्वव्यापी सिद्धान्त भएपनि पछिल्लो समयमा रास्वपा नेतृत्वको प्रधानमन्त्री सालेन साह संसदप्रति उत्तरदायी देखिएका छैनन् । उनी जसरी भएपनि संसद छल्ने कार्यमा सक्रिय रहेका छन् ।

विगतको पञ्चायतीय व्यवस्थामा सरकारको नीति तथा कार्यक्रमलाई राजाले सम्बोधन गर्ने र राजाले सम्बोधन गरेका नीति तथा कार्यक्रममा उठेको प्रश्नको जवाफ प्रधानमन्त्रीले संसदमा उत्तर दिने गरिन्थ्यो । तर आजको लोकतान्त्रिक व्यवस्थामा प्रधानमन्त्रीले आफ्नै नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिन प्रधानमन्त्री साह तयार देखिएन त्यसैले प्रमाणित हुन्छ प्रधानमन्त्री साह लोकतान्त्रिक व्यवस्थापति आस्था राख्दैनन् भनेर ।

लोकतान्त्रिक व्यवस्थाको प्रयोगको सुरू बेलायतबाट भएको हो । सबै एसियाली मुलुक र अफ्रिकी मुलुकले त्यसको अनुकरण गरिरहेका छन् । संसदीय व्यवस्थामा संसदले प्रधानमन्त्री छान्ने हो । त्यसैले संसद र प्रधानमन्त्री भनेका एक अर्काको परिपुरक हुनु । तर पछिल्लो समयमा हामीकहाँ भने विडम्वना देखिएको छ । आज हाम्रो राजनीतिक प्रणालीको चरित्र व्यवस्थापकीय अराजकतातर्फ उन्मुख हुँदै गएको छ ।

किनकी प्रधानमन्त्रीले संसद छल्ने र सरकार चलाउने नयाँ शैलीमा लागेका छन् । अमेरिमामा प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली भएपनि अमेरिकामा राष्ट्रपति सँधै संसदको सम्पर्कमा आइरहेका हुन्छन् । चाहे उनको विरोध किन नहोस् । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प भने बढी सक्रिय रहेका छन् । उनी सञ्चारकर्मीसँग सँधै बोलिरहेका हुन्छन् । लोकतन्त्रको अभ्यास गराउने कार्यमा उनी

>>> बाँकी ८ पेजमा

## रास्वपा असफलताको मार्गतर्फ उन्मुख ?




काठमाडौ । निर्वाचनमा झण्डै दुई तिाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारका केही निर्णयहरूको विरोध सुरू भएको छ । रास्वपाभित्र पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता रहेका प्रधानमन्त्री बालेन साह पक्षका सांसदहरु नै एकले अर्कोलाई विरोध गर्न लागि परेका छन् । संसदमा त्यस्तो अभ्यास सुरू भएपछि प्रधानमन्त्री साह असन्तुष्ट रहेका छन् । सभापति पक्षका उपसभापति रहेका अर्थमन्त्री स्वर्णिम वाग्ले लगायतका अन्य केही मन्त्रीहरूको काम कारबाहीलाई लिएर सभापति लामिछाने पक्षका सांसदहरूले संसदको बैठकबाटै सरकारको विरोध गरेपछि संसदको बैठक नै झण्डै दुई हप्ताका लागि स्थगित गरिएको छ ।

अर्थमन्त्री वाग्लेले स्वास्थ्य, विद्युत, शिक्षा लगायत शवमा समेत कर लगाएपछि सांसदहरूले मात्र होइन जनस्तरबाटै त्यसको व्यपाक विरोध भएको छ । जनता महंगीको मारमा परेका बेला थप करले जनतामा समेत आक्रोश बढेको छ । संविधानले माध्यामिक तह सम्मको शिक्षा र स्वास्थ्य, निशुल्क भनेपनि यी दुवैमा कर थोपरिएको छ भने मुर्दालाई समेत कर लगाइएको छ । सरकारी विद्यालयहरूमा भन्दा निजी विद्यालयमा धेरै विद्यार्थीहरु अध्ययनरत रहेकोले उनीहरूलाई समेत करको दायरामा ल्याएर अभिभावकहरूमाथि थप कर लगाएको थियो भने अहिले आएर त्यसलाई सरकारले फिर्ता लिएको भनिएपनि त्यो स्थगित मात्र गरिएको हो कि फिर्तै लिइएको हो त्यो प्रष्ट भइसकेको छैन ।

प्रधानमन्त्री साहको काम कारबाही र उनको सचिवालमा रहेका व्यक्तिहरूले सरकारी निकायमा अनावश्यक हस्तक्षेप गर्ने गरेका हुनाले कर्मचारितन्त्र समेत रूष्ट हुँदै गएको बेला सरकारले वरिष्ठ सचिवहरूलाई पन्छाएर कनिष्ठ सचिवलाई मुख्य सचिवमा नियुक्त गरेपछि अनुभवी वरिष्ठ सचिवहरु केहीले राजिनामा दिने सौँच बनाएका छन् भने केही लामो विदामा बसेका छन् ।

मन्त्रीहरूलाई प्रधानमन्त्री साहले विश्वास गर्न नसकेका र केही मन्त्रीहरूले आफ्नो मन्त्रालयभित्रको संघ संस्थामा अनावश्यक हस्तक्षेप गरेका र मन्त्रालयका मातहतमा रहेका विभाग कार्यालय अर्न्तगत पर्ने निकायहरूमा हस्तक्षेप गरेका हुनाले सरकारको विरोध हुँदै आएको छ । जान्नेलाई छान्ने भन्ने रास्वपाको

>>> बाँकी ८ पेजमा

## मनसुन अवधिभर सावधानी अपनाउन आग्रह

काठमाडौँ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन अवधिभर बाढी पहिरो, कटान, डुबान, चट्याङ, सर्पदंश जस्ता जोखिमको सम्भावना उच्च भएकाले विशेष सावधानी अपनाउन आग्रह गरेको छ ।

प्राधिकरणले जनधनको सुरक्षाका लागि पूर्वसावधानी अपनाउन आग्रह गर्दै यात्रा गर्नुअघि मौसम तथा सडकको अवस्थाबारे जानकारी लिन भनेको छ । यस्तै, बर्षाको बेला यात्रा गर्दा चनाखो हुन र सावधानी अपनाउन भनिएको छ ।

ठूलो पानी परेको बेला सकेसम्म रातको समयमा यात्रा नगर्न, बाढी आएका बेला खोला,

>>> बाँकी ८ पेजमा

# The frustrated society-but why?

Muhammad Rahim Nasar

Social frustration is a prominent hallmark of our society. People are observed frequently everywhere quarreling on tiny issues, leading to grave consequences later on. Frustration is notably caused due to injustice, unequal opportunities and economic constraints.

However, ill-mannered and unethical attitudes of people are also triggering frustration and anger among the social beings. Internalizing frustration depends upon the interpretation and perception of the situation. Experts view that the same story and event is perceived and interpreted in different ways by different individuals, and their interpretations are arguably embedded in their personal understandings, observations and historical experiences. The frustrated folk spare no time to take revenge from the opponents on minor issues.


The practice is commonly observed each day, in each office, institution, market, family, public place, and between the father and son, with relatives, colleagues, and across all spheres of life. However, the responsible forums and concerned authorities have never thought of this issues seriously; though this parameter is the root cause of many social issues and potentially harming our social fabric grievously.

Hundreds of events backed by anger and frustration occurred in our society but these issues are taken for granted and no serious debate or discussion is carried on to sort out this situation. Schools and other formal institutions are the most relevant forums nurturing children to behave positively and decently, but unluckily our institutions are completely failed to instill good manners and maintain our traditional sublime values in the students' minds. It is because from the playgroup up to graduation level we have no discipline in our courses or relevant teachers that may guide students or shape their personality in a productive way on how to manage anger, frustration, or resolve problems; or how to behave in certain situations or to control emotions in proper manner or navigate their future.

Our students may be quite competent in English, physics, chemistry, geography or computer science, but unfortunately they are found extremely intolerant and indecent in their routine life, which ultimately leads to anger and hostility in their behaviour. In addition to this our religious institutions have also failed to nurture folks in an ethical way. But on the contrary, advanced countries train their children in the other way since the very beginning classes of the school to internalize in them positive and productive features.

Frustration-aggression theory of the social psychology in this connection advocates that a person deprived of his fundamental rights or mistreated by a powerful person makes him to think himself as helpless and forces him to take revenge in any way, which promotes frustration ultimately. This frustration consequently converts into aggression. The founder of the theory, John Dollard, contends further that this aggression does not remain in thoughts for long and is directed towards a weaker or soft target to quench the frustration, worsening the situation further.

Schools are preferably suitable platforms to provide skills and guidelines for handling the uneven



situations or resolving problems and conflicts satisfactorily. Contents in the syllabuses should be included to socialize students in a better way, strengthening family support, participatory socialization of children at home; equal opportunities should be given to the maximum level, sources of income should be increased, rule of law may prove a good step in this scenario and overall the unchecked population growth should be controlled on priority basis.

In society and families, we always pass through such practices that the frustrated employees and common men turn their aggression to family members or other marginalized segments. Recently in Quetta a government employee shot his wife and four innocent children and later himself while releasing a video blaming two officers of his department for teasing him for some reason. The helpless government employee directed his frustration towards his wife and children, finding no other way than that. Countless events are evident in this connection most often in our society.

In addition to this, the strain theory by Robert K. Merton maintains that frustration erupts among the society when a society is promoting cultural goals such as wealth, progress or success but is not providing equal opportunities to its members to achieve them. The consequences of inequality and mismatch cause strain and frustration which turn youth towards crime and rebellion.

In Pakistan these practices are very common; the masses are deprived of equal opportunities in almost all spheres of life especially education, health and jobs, which ultimately yield anti-social consequences and that unluckily spoils the masses who are never ever responsible for these ill-practices. Source, referrals, favoritism and nepotism are commonly exercised, barring the path of merit and fairness. Such practices are seriously instrumental in increasing disintegration, frustration, social isolation, depression, anxiety and more than that the disinterest of youth in education and educational achievements which nevertheless culminating on anti-social behavior and many times carries to ultimate end the suicides sadly.

Frustration at the societal level is a smoldering issue undermining the overall social system. The frustrated attitudes trigger family conflicts, political rivalries, social retaliations and exclusion. Serious measures can reduce this menace. Pragmatic steps are required to minimize the intensity of this enigma.

Schools are preferably suitable platforms to provide skills and guidelines for handling the uneven situations or resolving problems and conflicts satisfactorily. Contents in the syllabuses should be included to socialize students in a better way, strengthening family support, participatory socialization of children at home; equal opportunities should be given to the maximum level, sources of income should be increased, rule of law may prove a good step in this scenario and overall the unchecked population growth should be controlled on priority basis.

# अमुक प्रेम

बंशीकुमार शर्मा

सन २००१ को अगस्त महिना विश्व युवा तथा विद्यार्थी सम्मेलनमा सहभागी हुन म अफ्रिकाको अल्जेरिया पुगेको थिएँ । अगस्त ८ देखि १६ सम्म चलेको उक्त सम्मेलनमा विश्वका करिब दुई सय देशका युवा तथा विद्यार्थीहरूको सहभागिता थियो । विभिन्न भाषा, संस्कृति र पृष्ठभूमिबाट आएका ती युवाहरूबीच उत्साह, जिज्ञासा र मित्रताको अद्भुत वातावरण थियो ।

कार्यक्रम स्थलदेखि केही टाढा हाम्रो बसोबासको व्यवस्था गरिएको थियो । मेरो कोठा दोस्रो तलामा थियो । सबैलाई छुट्टाछुट्टै कोठा दिइएको थियो । मेरो कोठाको अगाडि श्रीलंकाका केटीहरु बस्थे भने पूर्वतर्फ हङ्गेरीकी जोन ह्यारीको कोठा थियो । श्रीलंकाका केटीहरु हिन्दी र अंग्रेजी राम्रोसँग बोल्थे, र म पनि ती भाषामा संवाद गर्न सक्थें । तर जोन ह्यारीको संसार फरक थियो उनी स्पेनिस र फ्रान्सेली मात्र बुझ्थिन् । अंग्रेजी वा हिन्दीको सामान्य शब्द पनि उनलाई थाहा थिएन ।

तर भाषा नबुझे पनि भावना बुझ्न शब्दको आवश्यकता नपर्दोरहेछ । जोन ह्यारीले मलाई सधैं "नेपाली ब्रदर" भनेर सम्बोधन गर्थिन् । त्यो शब्द उनले कसरी सिकिन्, मलाई थाहा भएन । तर त्यो सम्बोधनसँगै आउने उनको मुस्कान अत्यन्तै निष्कपट र आत्मीय हुन्थ्यो ।

उनी केवल बाहिरी रूपमा मात्र होइन, व्यवहार र सरलतामा पनि अत्यन्त आकर्षक थिइन् । सधैं हँसिलो अनुहार, सहजता र आत्मीयताले भरिएकी । हामी एकअर्कासँग खुलेर कुरा गर्न सक्दैनथ्यौं, तर माया भन्ने कुरा अनौठो हुँदो रहेछ भूगोल, जात, धर्म वा भाषाले कहिल्यै रोक्न नसक्ने । आँखाबाट भाव बुझ्न र बुझाउन सकिँदो रहेछ ।

कार्यक्रम स्थलमा सँगै जानु, फर्किनु, खाना खानु–यी सबै क्रियाकलापहरु स्वाभाविक रूपमा सँगै हुन थाले । खाना खाने बेलामा म नदेखिए उनी "नेपाली ब्रदर!" भन्दै ठूलो स्वरले बोलाउँथिन् । त्यो क्षणमा लाग्थ्यो भाषा नबुझे पनि सम्बन्ध कति सहज र स्वाभाविक हुन्दोरहेछ ।

हामी हाउभाउ, आँखा र मुस्कानमार्फत संवाद गर्थ्यौं । कहिलेकाहीँ शब्दभन्दा ती संकेतहरु अझ स्पष्ट लाग्थे । दिनहरु बित्दै गए, र मेरो मन पनि जोन ह्यारीतर्फ बग्न थाल्यो । नेपाल र हङ्गेरीबीचको दूरी भौगोलिक रूपमा टाढा भए पनि, हाम्रो मनबीचको दूरी भने घट्दै गएको अनुभूति हुन्थ्यो ।

त्यो समय मोबाइल थिएन, सामाजिक सञ्जाल थिएन । फोटो खिच्नका लागि एउटा सामान्य क्यामेरा मात्र थियो । रिल सकिन्छ कि भन्ने डरले जोगाउँदै फोटो खिच्यौं ।

एकदिन हामी समु› किनारमा गयौं । त्यो साँझ असाध्यै सुन्दर थियो । अस्ताउँदै गरेको सूर्यको रातो आभाले समु›लाई राताम्मे बनाएको थियो । छालहरु उर्लिरहेका थिए, टाढाबाट पानीजहाजहरु बिस्तारै अघि बढिरहेका थिए । मानिसहरु आ ̂ना गन्तव्यतर्फ हतारिँदै थिए, तर हामी भने एकअर्काको आँखामा हराइरहेका थियौं ।

त्यो क्षणमा समय रोकिएको जस्तो लाग्यो । कहिलेकाहीँ मनलाई स्थिर बनाएर बस्नु पनि कति आनन्ददायी हुँदो रहेछ भन्ने अनुभूति भयो । हामी दुवैलाई रात नपरोस् भन्ने लागिरहेको थियो, तर प्रकृति आ ̂नै गतिमा अघि बढिरहेकी थिइर्न ।

हामीसँग एक जना गाइड पनि थिए, जसले कोठामा फर्किन बोलाइरहेका थिए । तर हामी आ ̂नै संसारमा हराएका थियौं । हामीलाई फर्किन भनिरहेको थियो । तर हामीले सुनेनौं । उनी रिसाउँदै आए र हामीलाई उठाएर लगे । हामी फेरि भीडमा फर्कियौं तर हाम्रो मन त्यहीँ समु› किनारमै छुटेको थियो ।

त्यस रातभरि जोन ह्यारीको सम्झनाले मलाई सताइरह्यो । भाषा बुझ्ने भएको भए मनका कुरा साट्न सकिन्थ्यो होला भन्ने लागिरह्यो । उनको मुस्कान, उनको आवाज, "नेपाली ब्रदर!"–सबै कानमा गुञ्जिरह्यो । मनमा एउटै कुरा घुमिरह्यो यदि भाषा बुझिन्थ्यो भने, के म उनलाई केही भन्न सक्थें?

भोलिपल्ट बिहानै "नेपाली ब्रदर!" भन्दै उनले मेरो ढोका ढकढकाइन् । म अझै तयार भइसकेको थिइनँ, तर उनी भित्र पसिन् । केही नबोली कफी बनाउन लागिन् । म बाथरूम गएँ, फर्किंदा कफी तयार थियो । फलफूल काटेर उनले सँगै खान इसारा गरिन् । हामी गफ गर्न सक्दैनथ्यौं, तर सँगै बस्न भने मन लाग्थ्यो ।

हरेक दिन हामी कार्यक्रमका गतिविधिहरूमा सँगै हुन थाल्यौं । मैले उनलाई केही शब्द सिकाउने प्रयास गर्थें । उनी मुस्कुराउँथिन त्यो मुस्कानमा स्वीकृति, माया र अनेक भावना मिसिएका हुन्थे ।

म भित्रभित्रै सोच्थें–

"तिमी यति धेरै मायाको हकदार छ्यौ, जति मेरो हृदयले अझै व्यक्त गर्न सकेको छैन ।"

एकदिन हामी सहारा मरूभूमिबाट फर्किरहेका थियौं । गाडीमा जोन ह्यारी चुपचाप रोइरहेकी थिइन । उनका आखाबाट आँसु बगिरहेका थिए ।

उनले किन रोइरहेकी थिइन्, म शब्दमा बुझ्न सकिनँ, तर उनको अनुहारले सबै कुरा भनिरहेको थियो–हाम्रो छुट्टिने समय नजिकिँदै थियो ।

त्यो क्षणमा मैले महसुस गरें हाँसो र आँसुको भाषा संसारभर एउटै हुँदो रहेछ ।

छुटिने दिन आयो । भीड थियो, कोलाहल थियो, सबै आ ̂नै यात्रामा व्यस्त थिए । तर म भने उनलाई मात्र खोजिरहेको थिएँ ।

उनी आइन् ।

हामी एकअर्काको अगाडि उभियौं । अंकमाल गरौ आत्म एउटै भएको महशुस गरौ ।

उनले केही भन्न खोजिरहेकी थिईन मैले बुझने प्रयास गरे ।

न कुनै वाचा भयो, न कुनै सम्पर्क ।

केवल एउटा अधूरो अमुक प्रेम

हामी आ–आ ̂नो देश र जीवनतर्फ फर्कियौं । उनले केही भन्न खोजिन्, म बुझ्न सकिनँ । तर उनका आँखाहरूले सबै कुरा भनिसकेका थिए ।

सायद उनी भन्न चाहन्थिन

"केही सम्बन्धहरु शब्दमा बाँध्न सकिँदैनन् ।"


आज पनि, जब म त्यो अगस्त सम्झन्छु, मलाई टाढाबाट कसैले बोलाएको जस्तो लाग्छ–

"नेपाली ब्रदर!"

र म मुस्कुराउँछु ।



# बालेनको काँधमा जेनजीको इज्जत



• राजन कार्की
rajan2012karki@yahoo.com

जेनजीको ज्यानको मूल्यमा चुनाव जितेर सरकार बनाएको रास्वपा र बालेन्द्र साहको काँधमा जेनको इज्जत छ । जेनजीको रगतको अपमान गरेको भनेर प्रतिपक्षी दलहरूले सडक, संसद र सामाजिक सञ्जालमा झ्याली पिटिरहेका छन् । प्रम बालेन साह चुपचाप काम गरिरहेका छन्, रास्वपाका सभापतिले साथ दिइरहेका छन् । रास्वपाले जनतासँग गरेको बाचा र प्रतिवद्धताअनुसार काम गर्न नसक्ने हो कि भन्ने संशयलाई बिरोधको भाष्य बनाइएको छ । जसको उत्तर रास्वपा र बालेन साहले छिटो छरितो काम गरेर दिनुपर्ने छ ।

प्रतिपक्षीहरू प्रश्न गरिरहेका छन्– यही हो जेनजीको ज्यान गएपछि आएको शासन ? यही हो, जेनजीको रगत बगेर आएको शासन ? यिनै प्रश्नबाट जनतालाई रास्वपाप्रति बितृष्णा उत्पन्न गराउन खोजिरहेका छन् । आमनागरिक रास्वपा र बालेन साहले जनतासँग गरेको करार बिर्सदैनन् भन्ने विश्वासको धागोमा बाँधिएकै छन् । विश्वास चुँडिसकेको छैन ।

प्रतिपक्षीहरू बिबादै बिबाद झिकिरहेका छन् । पुराना पार्टीहरूले नयाँलाई सिकाउने, सघाउने, सही मार्ग देखाउने काम गरेनन्, गरून् पनि कसरी ? जसले झण्डै ४ दशक शासनसत्ता हाँके, तिनले नीति, नैतिकता, सिद्धान्त सबै स्वार्थको आगोमा चरू होमेझैं होमे । नयाँ पुस्ता शासनमा छ, उसलाई राजनीतिक जालझेलको अनुभव छैन, नियतमा शंका पनि छैन तर बुढापुराना राजनीतिक नेताहरू नयाँलाई खुइल्याउन कम्मर कसेर लागेका छन् । नयाँ पुस्ताको जिम्मेवारी रवि र बालेनले लिएका छन् ।

नयाँ पनि भ्रष्ट भए, नेपोटिजममा लागे, नयाँले केही गर्न सक्दैनन् भन्ने झ्याइँ झ्याइँ पारिरहेका छन् विपक्षीहरू । विपक्षी भन्छन्– प्रतिसोध साध्ने काममात्र गरेका छन् । यही भाष्यलाई न्यायालय र प्रशासक, पुरानाले भर्ना गरेका संवैधानिक निकायका पदाधिकारी र राष्ट्र चुसेर जुकाझैं ढाडिएकाहरू रास्वपालाई असफल पार्न र प्रम बालेन साहलाई निकम्मा सावित गर्न न्वारानदेखिको बल लगाइरहेका छन् । तर बालेन मर्न तैयार छु, आँटेको सुशासन र भ्रष्टाचारमुक्त शासन प्रशासन ल्याएरै छोडछु भनिरहेका छन् ।

बहुमत छ, यसकारण रास्वपा जब्बर छ । प्रम बालेन साहलाई कुनै विपक्षीले हल्लाउन पनि सक्दैन । यसकारण त, विपक्षीहरू प्रम बालेन साहलाई राष्ट्रघातीको स्याल हुइया चलाइरहेका छन् । रास्वपा सभापति रवि लामिछानेलाई सहकारी ठग भनेर हल्लाखल्ला गरिरहेका छन् । रास्वपाभित्र अमिलो निचोरेर रास्वपाको एकता फटाउने प्रयत्न भइरहेको छ । मन्त्री फेरिएलान्, रास्वपा टुक्रने विश्वास कसैलाई छैन ।

अनुभवको कमीले कमजोरी बालेन सरकारले गरेको छ । हिम्मत जतिसुकै प्रशंसायोग्य भए पनि बालेन सरकारले दलाई लामाले दिएको शुभकामनालाई महत्व दिनु हुन्थेन । दलाई लामाको जन्मोत्सव मनाउन अनुमति दिंदा फ्रि तिब्बतवालाहरू सलबलाउन पुगे । जसले चीनको मनमा चिसो पस्यो, नेपालको एकचीन नीति देखावटी हो कि भन्ने शंका पनि उठायो । भारत सरकारले प्रम बालेन साहको विदेश भ्रमण नगर्ने अडानलाई अहंकार सम्झ्यो । सीमाबारेमा बेलायतलाई मध्यस्थता गराउने खोजेकोमा आक्रोसित बन्यो र भारतका गोदी मिडियामार्फत बालेन साह र रास्वपाविरूद्ध वातावरण तैयार गराउने प्रयत्नलाई जोडबल लगाएको देखिन्छ । यद्यपि भारतमा कक्रोच समूहले मोदी सरकारको सातो खाइरहेको देखिन्छ ।

महात्मा गान्धी भन्थे– शासन र सहरको भव्यता गरीबको रगतले किनिएको हुन्छ । हिजोका सत्ताधारी हुन् कि आजका, तिनले भोग गरेका सुखसुविधा, सानसौकत गरीबकै रगतले किनिएको हुन्छ । यिनका नाममा रहेका महल, गाडी, वैंक व्यालेन्स, सम्भ्रान्त जीवनशैली पनि गरीवले तिरेको कर हो । शासक प्रशासकले लगाएको फेसन र मिठ्याएको जिब्रोको स्वाद गरीव निचारेकै झोल हो । शेक्सपियरको एउटा भनाई प्रख्यात छ– पापले साहसी बनाउँदैन । यी जो छन्, उही कुडाकरकट छन्, जो नयाँ केही गर्न सक्दैनन्, यी सबै कायर हुन् । अर्थात् आफूमाथि जनताले गरेको कारवाहीलाई विषयान्तर गराउँदै जेनजी बिद्रोहबाट आएको बालेन सरकार र रास्वपाको जितलाई भ्रष्टाचार र प्रतिषोधको लेपन लगाउन थालेको छ । यस्ता लेपनको भ्रममा जनता लागिहाल्लान भन्न सकिन्न ।

नयाँ पुस्तामा गति सुस्त छ । एक्सप्रेस भने पनि लोकल गाडी जस्तो छ । शीतलमा बस्नका लागि सहमतिको रूख त रोप्नैपर्छ तव न भञ्ज्याङ्मा चौतारी हुन्छ । नदीनाला बेचेर, चुरेदेखि समतलमा सिमेन्टका महल ठड्याएर अथवा गाई मारेर डेरीको उत्पादनलाई कृषि विकास भन्नेहरू नैतिकता र नीतिमा समेत चिप्लिएका छन् । जो नीति र सोचमा चिप्लिन्छन्, तिनीहरूको जीवन नै काई लागेको ढुङ्गा र लाई लागेको काउली हो । एउटा दुर्घटना हो, अर्को महारोग । नेपालका सन्दर्भमा दुर्घटना र महारोग दुबै ज्यानको जोखिम हो । नयाँ पुस्ता जोखिम नहुन्, दुर्घटनाबाट देश र जनतालाई बचाउन्, सबैतिर अपेक्षा यही छ ।

अणुवमले बिनास गराएको स्थितिलाई नयाँ पुस्ताले स्वर्गजस्तो बनाएको हो । अत्याचारले बिनासलीला देखिएको इजरायल अन्ततः हरियाली बन्यो । इजरायलका बैज्ञानिक प्रा. दनियल शक्चमन नेपाल आएर फर्कदा स्वर्गजस्तो नेपाल सम्पन्न मुलुक हो तर नेताहरूमा इमान र नैतिकता रहेनछ भनेर थक्क थक्क मान्दै फर्किएको धेरै भएको छैन । नभन्दै इमान नभएकाहरूलाई जनताले किनारा लगाइदिएका छन् । नयाँ पुस्ताको काँधमा नेपाल निर्माणको जिम्मेवारी सुम्पेका छन् । नयाँहरू हरतरहका षडयन्त्रबाट सावधान भएर एकढिक्का भएर द्रुततर गतिमा निर्माणमा, सुधारमा लागे भने आज जुन प्रकारको असफलताको बाढी देखाइएको छ, अमानवीयताको हिलो छ्यापिएको छ, नयाँ पुस्ताले धेरै नयाँ गर्नसक्छ । हरेक भ्रमको जालोलाई चिर्न सक्छ । बालेनको त्यो अक्किल अहिलेसम्म उजागर भइसकेको छैन ।

काँधमा जिम्मेवारी छ भन्ने विषय आजका पुस्तामा घुसेको छ, निर्णय र कार्यान्वयनमा देखिएको ढिलासुस्ती र विपक्षीको धरापलाई चिनेर अघि बढ्न जरूरी छ । भारतका पहिलो प्रधानमन्त्री नेहरू, राष्ट्रपति डाक्टर राजेन्› प्रसादले पदको दुरूपयोग गरेनन्, सरलता र सहजता छाडेनन्, सधैं बिधिमा चले । गान्धी चर्खामै बाँचे र भारतका बापु बनेर अमर छन् । त्यस्ता हुन्छन् राजनेता । झल्को बालेन साहले दिएका छन्, उनी आफै प्रमाणित हुन जरूरी छ । सबैमा अहिले पनि विश्वास छ, बालेनले केही गर्छन् ।

इतिहासका अनुसार प्राचीन मगध साम्राज्य जसरी भययुक्त र हाहाकारमय थियो, हाम्रो देश त्यस्तै भय र हाहाकारयुक्त चित्कार भोगिरहेको छ । जनताका प्रतिनिधिहरु मगधका राजा महानन्दजस्ता बिलासी, अनाचारी, दुराचारी, अत्याचारी, सुरा–सुन्दरी, सम्पत्ति र सत्तामा लिप्त छन् । जनता बाँच्ने आधारको हाहाकार भोगिरहेछन् । जनयुद्ध र जनआन्दोलनपछिको संघीय गणतन्त्रात्मक व्यवस्था अर्थात बसन्त परिवर्तन भनिएको व्यवस्थाले चाणक्य होइन, भुस्याह कुकुरले झैं एकै बेतमा धेरै छाउरा पाएजसरी बग्रेल्ती चण्डालहरू पो जन्मायो । जुन मुलुकमा भ्रमको राजनीति हुन्छ र राजनीति ब्वाँसो र स्यालनीतिमा चल्छ, त्यो देशमा न्याय महँगो हुन्छ, नागरिक जीवन मूल्यहीन हुनेगर्छ । नयाँ पुस्ता सजग हुनुपर्छ ।

पुराना पुस्ताले राजनीति भनेको ओमन, वेल्थ, वाइन र सत्ता बनाएकै हो । यो स्थितिलाई परिवर्तन गरेर जनताको जनजिविका र राष्ट्रको अस्तित्व सावित गर्ने जिम्मेवारी जेनजीको रगतमा उभिएको बालेन सरकारको हो । मदन भण्डारीका जबज एमालेले थेग्न सकेन । जनयुद्धको बिरासत छाडेर माओवादी नेकपा बन्यो । वीपीको बिरासत कांग्रेसले सम्हाल्न सकेन । संवाद, सहमति र सहकार्यका साथ बालेन सरकार अग्रसर हुने हो भने रास्वपा र बालेन साहले देशको कायाकल्प गर्न सक्छन् । गरेर देखाउन् । जनताको मन बिथोलियो भने अहिलेको जनादेश परिवर्तन हुन बेर लाग्दैन ।

स्मरणीय छ, गरिबी, भोकमरी, शोषण, आर्थिक समानता, यौन शोषण, जातिपाति, रङ्भेदजस्ता बिकृतिको अन्त्यका लागि लडिरहेका पारग्वेका लुगो, बोलिभियाका इभो, ब्राजिलका लुला सिल्भा, भेनेज्वेलाका ह्यूगो चाभेज, अष्ट्रियाका जुलियस ब्राउथल, नर्वेका ब्राट्वे, बेलायतका अलबर्ट कार्थी, स्वीडेनका बर्नट् कार्लसन, फिनलेण्डका पेन्टी, चिलीका लुइस आलाजस्ता नेताको अनुकरण बालेनले गर्नुपर्छ ।

यसकारण रास्वपा, सभापति रवि र प्रम बालेन अग्नि परीक्षामा छन् ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सत्तामा रहेकालाई चयन बाहिरकालाई ऐन यहि हो कानुनी राज्य ?

*गत फागुन २१ गते भएको संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याउन सफल भएको रास्वपाको बालेन सरकार गठन भएको दिनदेखि नै प्रतिशोधको राजनीतिमा उत्रिएको छ। सरकार गठन भएको चैत्र १३ गते नै पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओली र नेपाली कांग्रेसका नेता तथा पूर्व गृहमन्त्री रमेश लेखकलाई मध्यरातामा गिरफ्तार गरेर प्रतिशोधको राजनीति सुरु गरिएकोमा अहिले सम्म त्यो क्रम जारी रहेको छ। रास्वपाले पहिला पनि आफूमाथि तत्कालिन केपी ओली नेतृत्वको सरकारले प्रतिशोध साँधेको आरोप लगाउँदै आएको थियो। रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी सम्बन्धी काण्डमा पक्राउ पर्दा लामिछानेले ओली सरकारले आफूमाथि प्रतिशोध लिएको ठुला ठुला डंक पिट्दै आएका थिए भने बालेन साह काठमाडौं महानगरको मेयर रहेका बेला आफ्नी श्रीमती सवार गाडीमा प्रहरीले चेकजाँच गर्न खोज्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस नै लेखेका थिए।*

*गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा रास्वपाका अधिकांश नेताहरू सहभागि भएका थिए। विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने हालका गृहमन्त्री सुधन गुरुङले नै विरोध प्रदर्शन गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अनुमतिका लागि निवेदन दिएका थिए। गुरुङ हामी नेपाली संस्थाका अध्यक्ष समेत रहेका भएपनि र जिल्ला प्रशासन कार्यालयमा विरोध प्रदर्शनका लागि अनुमति माग्ने व्यक्ति भएपनि उनले त्यो कुरालाई लुकाएका थिए। भाद्र २३ गतेको विरोध प्रदर्शनलाई उग्र बनाउन रास्वपाकै नेताहरू र हामी नेपाल संस्थाका व्यक्तिहरू सक्रिय रहेका पुष्टि भै सकेको छ भने विरोध प्रदर्शनमा टिओबी ग्रुपलाई समेत प्रयोग गरिएको विभिन्न अध्ययनले देखाएको छ। भाद्र २३ गते विध्वस मच्चाउने रणनीतिक उदेश्यका साथ स्कुले भाइबहिनीहरूलाई प्रयोग गरिएको थियो। विरोध प्रदर्शन गर्ने कार्य एकै दिनमा भएको थिएन। अभिभावकले आफ्ना बाल बच्चालाई स्कुल पठाएकोमा किन विद्यालयहरूले उनीहरूलाई विरोध प्रदर्शनमा भाग लिन पठायो त्यस विषयमा आजसम्म कहिँकतै बाट अनुसन्धान समेत गरिएन किन ?*

*सहकारी ठगीमा तत्कालिन अवस्थामा जेलमा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई जेलमुक्त त्यही दिन गराइएको थियो, नियम कानुनलाई हातमा लिएर जबरजस्ती लामिछाने जेलमुक्त भएका थिए। लामिछाने जेलमुक्त हुँदा ठुलो उत्सव नै मनाइएको थियो। राष्ट्रिय मानवअधिकार आयोगले भाद्र २३ गते १२ बजेसम्म शान्तिपूर्ण रुपमा भएको विरोध प्रदर्शनको नेतृत्व सुधन गुरुङले गरेपछि विरोध प्रदर्शनले उग्ररुप लिएको र प्रहरी प्रशासनले गोली चलाएको प्रतिवेदनमै उल्लेख गरेको छ। त्यही विरोध प्रदर्शनमा भएको गोली प्रहारबाट काठमाडौं र इटहरीमा गोली प्रहारबाट मारिएका काठमाडौंमा १९ र इटहरीमा २ जना गरी २१ जनाको ज्यान गएको विषयलाई लिएर भाद्र २४ गते मुलुकभरमा विध्वसात्मक कार्य भएको थियो। तत्कालिन प्रधानमन्त्री केपी ओलीले भाद्र २४ गते विहानै राजिनामा दिइसकेका थिए तर विरोध प्रदर्शन रोकिएन सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, सडक विभाग शिर्ष नेताहरूका निजी निवास, व्यवसायिक भवनहरू समेत आगजनी गरियो। यसरी विश्वसात्मक कार्य हुँदा सम्म नेपाली सेना भन्ने चुपचाप बसेको हुनाले विरोध प्रदर्शनले उग्ररुप लिएको सत्य वास्तविकता हो।*

*फागुन २१ गते भएको संसदको निर्वाचनमा त्यही विरोध प्रदर्शनमा सहभागि भएका रास्वपा र अन्य केही व्यक्तिहरू नै निर्वाचनमा गएका र उनीहरूले भाद्र २३ र २४ गतेको घटना तत्कालिन सरकारले नै गराएको आरोप लगाएका हुनाले त्यसलाई जनताले पत्याएको हुनाले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो। निर्वाचनको बेला सुशिला कार्की नेतृत्वको सरकार रहेको र सरकारले समेत रास्वपालाई नै सहयोग पुग्ने गरी सहयोग गरेको थियो भने जनतामा पुराना दलहरूप्रति सरकार र सुरक्षा निकायले नै नैराश्यता फैल्याउने कार्य समेत भएको थियो। सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने व्यक्ति कसरी एकाएक सो विरोध प्रदर्शनमा सहभागीमात्र भएनन् कार्कीलाई प्रधानमन्त्री बनाउने खेलमा समेत सक्रिय भए। त्यसैगरी विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरुङ कसरी एकाएक सरकार बनाउने हैसियतमा पुगे ? के त्यसको खोजविन र अनुसन्धान हुनु पर्दैन ?*

*अहिले रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वको सरकार रहेको छ तर बालेन सरकारले पुराना भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले सहितका दलका नेताहरू त्यसमा पनि केपी ओलीमाथि प्रतिशोध साँधिरहेको छ। स्टाटसमार्फत राजनीतिक दलहरूलाई जथाभावी गाली गर्ने र अपमानजनक ढँगले अभिव्यक्ति दिन प्रधानमन्त्री साहलाई कानुन लाग्छ कि लाग्दैन ? त्यस्तै स्टाटस लेख्दा अरु व्यक्ति कानुनी कारबाहीमा पर्ने तर सरकार प्रमुख भएका व्यक्ति के कानुन भन्दा माथि हुन् त भन्ने प्रश्न समेत उठेकाले हामी सबैलाई कानुन बराबरी हुनुपर्नेमा अडिग रहेका छौं। यसैमा मात्र लोकतान्त्रिक पद्धति र लोकतान्त्रिक चरित्र सबैको लागि बराबर हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ।*

# आत्मदाहको कारक राज्य हो कि व्यक्ति ?

**राजेश विद्राही**

परिवारको जीवन धान्न किस्ताबन्दी ऋणमा मोटरसाइकल लिएर काठमाडौंमा पठाओ चलाइरहेका मुगुका २५ वर्षीय गणेश नेपालीले २५ असारमा आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाह गरे । कारण, काठमाडौंमा नगरप्रहरीले पार्किङको विषयलाई लिएर उनको मोटरसाइकलमा ह्विललक लगाउँदै हजार रूपैयाँको चिट काटिदिए ।

सोही दिन बाराको गोडैता- १ का ३५ वर्षीय विवेक मण्डलले पनि शरीरमा पेट्रोल छर्केर आत्मदाह गरे । भोलिपल्ट शनिबार काठमाडौंको बुद्धनगरमा ४५ वर्षीय अश्विन राउतले आत्मदाह गरे । आत्मदाह गरेका सबैको उपचारका क्रममा मृत्यु भयो भने बुधबार फेरि गरूडा नगरपालिका- ९ गम्हरियाका २८ वर्षीय गौतमकुमार सहनीले शरीरमा पेट्रोल छर्केर आगो लगाए ।

१० माघ ०८० मा इलामका उद्यमी प्रेमप्रसाद आचार्यले कोरोना महामारीका कारण बैंक ऋणको चर्को दबाब र आर्थिक संकट सहन नसकी बानेश्वरको संसद् भवनअगाडि आत्मदाह गरेका थिए । उनको पनि उपचारका क्रममा मृत्यु भएको थियो । तत्कालीन सरकारले गरेको प्रतिबद्धता प्रतिबद्धतामै सीमित रह्यो । घटनासँगै कुरा पनि सेलायो । दुई-चार पैसाको लेनदेनमा समस्या बिक्री गर्ने परम्पराको विकास भएकाले गहिराइमा पुगेर समस्याको दीर्घकालीन समाधान खोज्ने सोच पलाएन ।

८ भदौ, ०८२ मा रौतहटका लक्ष्मण पासवानले प्रेमिका रूबिकुमारी साहको हत्या गरी शव सुटकेसभित्र राखेर सडकछेउ फाली आफूले हत्या गरेको स्विकारी फेसबुक लाइभमार्फत घटना सार्वजनिक गरेपश्चात् शरीरमा पेट्रोल छर्केर आत्मदाह गरेका थिए । उनको पनि उपचारका क्रममा कीर्तिपुरको बर्न सेन्टरमा मृत्यु भएको थियो । उल्लिखित प्रतिनिधिमूलक घटनामध्ये गणेश नेपालीलाई राज्यले दुरूत्साहन गरी आत्महत्या गर्नुपर्ने अवस्थामा पुऱ्याएको दृष्टान्त हो ।

राज्यले नागरिकप्रतिको दायित्व पूरा गर्न नसक्दा व्यक्तिमा निराशा बढ्छ । निराश नागरिकले आत्मदाह वा आत्महत्या गर्न सक्छ । यसलाई कायरताका रूपमा तर्क गर्नेहरू कुतर्क गरेर आफ्नो जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् । सुशासनका नाउँमा अचाक्ली पेलानका कारण आत्मदाह गर्न विवश भएको देखिन्छ । सर्लाहीको घटनामा रोजगारी गुमेपछि बढेको पारिवारिक ऋणसँगै आर्थिक समस्या र मानसिक तनावले आत्मदाह गर्न विवश भएको देखिन्छ । बुद्धनगरको घटनामा पनि पारिवारिक, आर्थिक तथा मानसिक दबाब नै कारण देखिन्छ । जसरी प्रेम आचार्यको आत्मदाह बैंकिङ अराजकता अर्थात् कोरोना महामारीले गर्दा व्यावसायिक क्षेत्र तथा व्यक्तिको निजी पारिवारिक जीवनमा परेको गहिरो आर्थिक प्रभावबाट पीडित भई समयमै बैंकिङ ऋण तिर्न नसक्ने भई राज्यसमेतलाई अनेक हारगुहार गर्दा पनि कुनै उपाय नदेखे /नभेटेपछिको विवशतामा हुन पुगेको थियो । रौतहटका युवकको आत्मदाहको मूलमा पनि राज्यकै हात छ । नेपाली समाजमा रहेको कथित जात-व्यवस्थाप्रतिको उदासीनताले उनलाई त्यहाँसम्म पुऱ्याएको थियो ।

प्रहरीको तथ्यांकअनुसार ०८०-८३ जेठ मसान्तसम्म देशभर २० हजार ९ सय ४७ आत्महत्याको घटना दर्ता भएका छन् । यीमध्ये अधिकांशले झुन्डिएर आत्महत्या गरेको देखिन्छ । यसमा १८ देखि २५ वर्ष उमेर समूहका धेरै छन् । यो संख्या दिनानुदिन बढ्नुको कारण के हो ? यसरी केही वर्षयता नेपालमा आत्मदाह तथा आत्महत्याका घटना फरक-फरक तरिकाले घटित भइरहे पनि यो राज्य अव्यवस्थाकै कारण भएका हुन् । मानिसमा समस्या समाधानको आशा हराउँदै गएको देखिन्छ । राज्य नागरिकप्रतिको दायित्व पूरा गर्न असफल हुँदा नागरिकमा चरम निराशा छ र असहाय महसुस गर्दै छन् । जब सबैतिरबाट मानिस निराशा र आशाविहीनतामा पुग्छन् तब उनीहरू विभिन्न रूपमा आत्मदाह र आत्महत्या गर्न विवश भएको देखिन्छ । यसलाई संघर्ष गर्न नसकेको कायरताका रूपमा तर्क गर्नेहरू कुतर्क गरेर आफ्नो जिम्मेवारीबाट पन्छिन खोजिरहेका हुन् ।

पछिल्ला आत्मदाहका कारण पनि सार्वजनिक भइसकेका छन् । तथापि, केही व्यक्ति समूहले यसलाई खेलाचीका रूपमा लिइरहेका छन् । नागरिकमा चौतर्फी मानसिक दबाबका कारण यो संख्या अझै बढ्ने जोखिम छ । किनभने यी प्रतिनिधिमूलक घटना हेर्दा सबै आत्मदाह एउटै कारणबाट भएका छैनन् । समस्या साझा छन्, तर कारण विविध छन् । जसको सूक्ष्म अनुसन्धान जरूरी छ । राज्यको पहिलो दायित्व नागरिकलाई सेवा दिनु हो, सास्ती होइन । जब प्रशासन नागरिकमैत्री हुनुको सट्टा दण्डमुखी बन्छ, सामान्य नागरिकले आफूलाई असहाय महसुस गर्न थाल्छन् । नागरिकले राज्यको महसुस गर्न सक्दैनन्, एउटा व्यापारीका रूपमा महसुस गर्न थाल्छन् र उनीहरु राज्यजस्तो बेइमान बन्न सक्दैनन्, एउटा मिटरब्याजी साहुजस्तो 'सैतान' बन्न सक्दैनन्, त्यसपछि आत्महत्याको बाटो रोज्न विवश हुन्छन् । नियम कार्यान्वयन आवश्यक छ, तर त्यसको शैली परिवर्तन र जिम्मेवार हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कानुनको उद्देश्य नागरिकलाई अपमानित गर्नु होइन, अनुशासित बनाउनु हो । यदि राज्यको व्यवहारले नागरिकमा अन्यायको अनुभूति गराउँछ भने त्यसले असन्तोषलाई बढाउँछ । यद्यपि, कुनै प्रशासनिक निर्णयलाई आत्मदाहको मात्र प्रत्यक्ष कारण भनेर मात्र निष्कर्ष निकाल्नु पर्याप्त हुँदैन । यसका पछाडि अन्य सामाजिक, पारिवारिक तथा निजी कारण पनि हुन सक्छ । तर, त्यही कारण देखाएर राज्य र निकाय पन्छिन र भाग्न मिल्दैन । पछिल्लो समय नेपालमा ठुलो संख्यामा युवाहरु ऋण लिएर स्वरोजगारमा लागेका छन् ।

मानसिक स्वास्थ्यको प्रश्न पनि महत्वपूर्ण छ । नेपालमा अझै मानसिक स्वास्थ्यलाई रोगभन्दा पनि कमजोरीका रूपमा हेर्ने प्रवृत्ति छ । तनाव, चिन्ता, डिप्रेसन वा निराशाबारे खुलेर कुरा गर्ने वातावरण छैन । धेरै मानिस अन्तिम क्षणसम्म आफ्नो पीडा लुकाएर बस्छन् । जब उनीहरूलाई लाग्छ कि अब कसैले सुन्दैन, सहयोग गर्दैन वा समाधान सम्भव छैन, तब उसले अत्यन्त दुःखद निर्णय लिन पुग्छन् । त्यसैले, आत्मदाहलाई केवल व्यक्ति र परिवारको निजी, राजनीतिक वा आर्थिक विषय मात्र ठान्न मिल्दैन । नागरिकको हरेक समस्या राज्यको हो । सामाजिक संरचनाले पनि यस्ता घटनामा ठुलो प्रभाव पार्छ ।

अन्तरजातीय विवाह, सामाजिक विभेद, बेरोजगारी, गरिबी, पारिवारिक तनाव र सामाजिक अपमानले पनि व्यक्तिलाई गहिरो मानसिक संकटमा पुऱ्याउन सक्छ । रौतहटको घटनाले देखाएको जातीय विभेद त्यसको एउटा उदाहरण हो । समाजले सिर्जना गर्ने अस्वीकार र अपमान पनि कहिलेकाहीँ राज्यको कठोर नीतिभन्दा बढी पीडादायी हुन सक्छ । यद्यपि, व्यक्तिको आफ्नै जिम्मेवारीलाई पूर्ण रूपमा अस्वीकार गर्न पनि मिल्दैन । हरेक संकटको समाधान आत्मदाह होइन ।

आत्मदाहले समस्या समाधान गर्दैन, बरू एउटा परिवारलाई जीवनभर पीडा दिन्छ । त्यसैले समाजले संकटमा परेका व्यक्तिलाई सहयोग गर्ने संस्कृतिको विकास गर्नुपर्छ । त्यो खालको वातावरण तीन तहको सरकारले निर्माण गर्नुपर्छ । लामो समयदेखि बिग्रेको अवस्थालाई नियन्त्रण गर्न कडाइभन्दा पहिला सरकारले अभिभावकत्व ग्रहण गर्नुपर्छ । परिवारले पनि सदस्यको मानसिक अवस्था बुझ्ने प्रयास गर्नुपर्छ ।

आत्महत्या वा आत्मदाहका संकेतलाई समयमै पहिचान गरेर सहयोग गर्ने भावना र प्रणाली विकास गर्नुपर्छ । यस्ता आत्मदाहका घटनामा मिडिया र सामाजिक सञ्जालको भूमिकामाथि पनि बहस आवश्यक छ । आत्मदाहका घटनालाई अत्यधिक भावनात्मक र सनसनीपूर्ण तरिकाले प्रस्तुत गर्दा त्यसको नकारात्मक प्रभाव पर्न सक्छ । विश्व स्वास्थ्य संगठनले समेत आत्महत्यासम्बन्धी समाचार जिम्मेवार ढंगले सम्प्रेषण गर्न आग्रह गर्दै आएको छ । घटनाको कारण खोज्नु आवश्यक हुन्छ, तर त्यसलाई अनुकरणीय वा प्रतिशोधको माध्यमका रूपमा प्रस्तुत गर्नु झन् घातक हुन सक्छ । गणेश नेपालीको घटनापछि सडकदेखि सदनसम्म बहस भइरहेको छ । निरन्तर आन्दोलन भइरहेका छन् । सरकारमाथि प्रश्न उठिरहेका छन् ।

प्रत्येक घटनापछि छानबिन समिति बनाउने, राहत घोषणा गर्ने र केही दिनपछि सबै बिर्सने प्रवृत्तिले समस्याको समाधान गर्दैन । राज्यले नागरिकमैत्री प्रशासन, प्रभावकारी मानसिक स्वास्थ्य सेवा, आर्थिक संकटमा परेका श्रमिक तथा साना उद्यमीका लागि सुरक्षा संयन्त्र र संवेदनशील सार्वजनिक सेवा प्रणाली निर्माण गर्नुपर्छ ।

समाजले विभेद, अपमान र बहिष्कारको संस्कृति त्याग्नुपर्छ । परिवारले आफ्ना सदस्यको पीडा सुन्न सिक्नुपर्छ । र व्यक्तिले पनि संकटको क्षणमा सहयोग खोज्ने संस्कृतिलाई स्वीकार गर्नुपर्छ । त्यसैले आत्मदाहको कारण राज्य कि व्यक्ति भन्ने प्रश्नको उत्तर एउटै शब्दमा दिन सकिँदैन । केही घटनामा राज्यको असंवेदनशीलता निर्णायक हुन्छ, केहीमा सामाजिक संरचना, केहीमा आर्थिक संकट, केहीमा मानसिक स्वास्थ्य र केहीमा व्यक्तिगत परिस्थिति । तर, एउटा कुरा स्पष्ट छ- जब राज्य कमजोर हुन्छ, समाज असहिष्णु बन्छ, परिवार संवादहीन हुन्छ र व्यक्ति आशाहीन बन्छ, तब आत्मदाहजस्ता दुःखद घटनाहरु जन्मिन्छन् ।

सरकारले सिंगापुरलगायत युरोपलाई हेरेर नेपालमा ट्राफिकलगायत जरिवाना लगाउन मिल्दैन । त्यस्तो गर्न पहिला यहाँको नागरिकको स्तर पनि सिंगापुर, युरोपको जस्तो बनाउनुपर्छ । विकल्पविनाको सुशासन टिक्दैन । राज्य सफल हुन पहिला नागरिक सफल हुनुपर्छ । नागरिक सफल भएन भने देश सफल हुँदैन । उच्च शिक्षा अध्ययनका लागि जापान पुगेका नेपाली विद्यार्थीको आत्महत्याको दर पनि उच्च छ ।

महिनामै करिब दर्जनभन्दा बढी झुन्डिएर मर्छन् । मर्नेहरु सबै मानसिक सन्तुलन गुमाएर झुन्डिँदैनन् । काम थोरै गर्न पाउने, तर कलेजको फी धेरै तिर्नुपर्ने कारणले भविष्य खोज्न हिँडेकाहरु डोरी खोज्न विवश हुन्छन् । त्यसकारण कडा नियमले पनि मान्छेलाई मारिदिन्छ । केही माननीयले गणेश नेपाली, अश्विन राउत र विवेक मण्डलहरूलाई 'बौलाहा' करार गर्न खोजिरहेका छन् । तर, दिनभरि कमाएको एक हजार रूपैयाँ एकै खेपमा फाइन तिर्नुपरेपछि जो पनि विचलित हुन्छ ।

अहिलेको सरकारबाट नागरिकले ठुलो अपेक्षा गरेका थिए । त्यसैले सोहीअनुसारको जनमत पायो । तर, जहाँबाट अहिलेका प्रधानमन्त्री बालेन्द्र शाहले हरेक संकटमोचन गर्ने उद्घोष गरेका थिए, आज त्यहीँबाट फेरि पनि मिटरब्याज, लघुवित्त, सहकारीपीडित आन्दोलनकारी पैदल मार्च गर्नुपर्ने बाध्यतामा छन् । जुन समस्याको समाधान गर्न तत्कालीन सरकारले आयोग गठन गरेर २८ हजारभन्ला बढी उजुरी लिएर लापत्ता भयो । अहिले साहुकारहरु आयोगको उजुरीलाई अवहेलना गर्दै अदालतमार्फत इस्टेअर्डर गरेर भएभरको सम्पत्ति जफत गरिरहेका छन् । लघुवित्त सहकारी तथा बैंक वित्तीय संस्थाले कानुनी आडमा भएभरको हर्जाना थोपरेर गाउँघरमा सर्वसाधारणलाई आजित बनाइरहेका छन् ।

निहारिका राजपुत, निभा यादवहरु सिंह दरबारअगाडि दोस्रोपटक न्याय मागिरहेका छन् । दीपा नेपालीहरु माइतीघरमा सरकार कोठा खाली छ भनेर उभिएको महिनौं बितिसकेको छ । सुस्तावासीहरु तथा विभिन्न पीडितहरु माइतीघरमा धर्ना बसेर दर्जन सम्झौता लिएर खेती किसानी गर्न फर्किसकेका छन् । खेती गर्ने चटारो छ । यो सकिनेबित्तिकै उखु किसान र अन्य विभिन्न कारणले पीडित बनेका भुइँ तहका नागरिक फेरि पनि आन्दोलन लिएर काठमाडौंको माइतीघर आइपुग्नुपर्ने कारण टरिसकेको देखिँदैन । यसले अझै पनि गणेश नेपाली, अश्विन राउत, विवेक मण्डल, गौतम सहनी, प्रेम आचार्य र लक्ष्मण पासवानहरु जन्माउने उत्तिकै जोखिम छ । त्यसैले लामो समयदेखि समस्याग्रस्त मुलुकमा विनाविकल्प सुशासनका नाममा भइरहेको राज्य कडाइ टिक्न सक्दैन । -*नयाँ पत्रिका*

# परमको मध्यम आयाम

**सीके लाल**

कहिलेकाहीँ अभिव्यक्तिको सीमितता प्रस्टसँग महसुस हुने रहेछ । 'अनि उनी मौन भए' बाहेक देवेन्द्रराज पाण्डेको महाप्रस्थानलाई प्रस्तुत गर्ने अरु कुनै उपयुक्त वाक्य भेट्टाउन कठिन भइरहेको अवस्थामा सम्झिएको शब्द थियो 'परम' । शब्दकोशले परमलाई सबैभन्दा ठूलो वा सानो तथा अत्यधिक वा अत्यन्त न्यूनका रूपमा परिभाषित गर्छ । यस शब्दमा निहित अन्तर्विरोधले सामान्यलाई असाधारण र असाधारणलाई सामान्यमा परिणत गरिदिन्छ । शब्दार्थको विरोधाभासका दुवै सीमाहरु एकाकार हुन्छन्- अतिबृहत् र अतिसूक्ष्मता, प्रचुरता र शून्यता ।

यदि यो शब्दमाथि बहस गर्न उनी जीवित हुँदा हुन् भने उनको वैज्ञानिक चेत र अनिश्वरवादी दृष्टिको संयोजनले यसैलाई अन्तिम गन्तव्य मान्थ्यो होला- अन्तरिक्ष र समय समन्वयको एउटा त्यस्तो क्षेत्र जहाँ गुरुत्वाकर्षण यतिविघ्न शक्तिशाली हुन्छ कि त्यहाँबाट कुनै पनि कण त के प्रकाशजस्तो विद्युत्-चुम्बकीय विकिरणसमेत उम्कन सक्दैन । फिर्ता आउनै नसकिने यो सिमानालाई घटना-क्षितिज (इभेन्ट होराइजन) भन्दारहेछन्- सुरु वा अन्त्य नभएको एउटा शून्य विन्दु- ब्ल्याक होल । र, त्यसपछि सम्भवतः उनी मुस्कुराउँदै थप्दा हुन्- 'ती सब कुरा प्रकृतिको जिम्मा छाडिदिऊँ, हामी लोकतन्त्र र लोककल्याण सुदृढ गर्ने मुद्दाहरुतर्फ फर्किऔँ ।' सायद, यही कारणले गर्दा डाक्टर पाण्डे– कम्तीमा चार दशकदेखि सबै उमेर समूहका सहयोद्धाहरूका लागि त्यो सम्बोधन उनको सर्वनाम बन्न पुगेको थियो- अपार कौतूहल र निश्चित व्यावहारिक चासोहरूको अनौठो सन्तुलन बोकेका एक असाधारण किसिमका साधारण मानिस थिए ।

हो, डाक्टर पाण्डे 'थिए'- भूतकालको क्रियापद । उनका बारेमा व्यक्त गरिने अनुभूति, सम्झिने प्रसंग, दोहोरिने कथा, गढिने किंवदन्ती एवं अनुहारमा मुस्कान ल्याउने उनका हास्यमिश्रित व्यंग्यहरु अब कहिल्यै नफर्किने विगत बनेका छन् । तर, उनले छोएका जीवनहरु यसरी रूपान्तरित भए कि कम्तीमा तीन पुस्ता- उनका समकालीनहरु, उनीपछिका सहयात्रीहरु र उनका नातिनातिनाको पुस्ताका साथीहरु- उनलाई सहजै बिर्सन सक्ने छैनन् । समकालीन सहकर्मीहरूका लागि उनी कम उमेरमै उत्कृष्ट उपलब्धि हासिल गर्ने पेसाकर्मी थिए । आफ्नो आस्थाका लागि अर्थ मन्त्रालयको सचिवजस्तो उच्च पद परित्याग गरेर सत्ताका विरुद्ध सडकमा ओर्लिने उनको निर्णय नोकरशाहीको स्थापित प्रचलनविपरीत दुस्साहसको प्रदर्शन थियो ।

नियम र अपवादबीच फरक नदेख्ने हुकुमी शासन व्यवस्थामा सिद्धान्तनिष्ठ प्रशासकहरूलाई समेत अन्तर्मनको आवाजविरुद्ध नियमित तवरले आदेशपालन गर्नुपर्ने बाध्यता हुने गर्दथ्यो । अन्य अनुसारकहरु (कन्फर्मिस्ट्स) भीडमा उनी भने आफैँमा एउटा अपवाद बन्ने आँट गरेका थिए । समकालीन हिन्दी मञ्चीय काव्य परम्परामा एउटा चर्चित शेर छ- 'उसूलों पर आंच आए तो टकराना जरूरी है/जिंदा हो तो जिंदा नजर आना जरूरी है ।' डाक्टर पाण्डे मानवीय मूल्य-मान्यता एवं लोकतान्त्रिक संस्कार प्रवर्द्धनप्रति समर्पित तीन पुस्ताका जुझारूहरूका अघोषित तर सर्वविदित अगुवा त्यत्तिकै बन्न पुगेका थिएनन् ।

पाण्डे जिउँदा मान्छे थिए, सम्झनामा त्यसरी नै भइरहनेछन् । ठूला मान्छेहरूको विगत सम्झेर आगत ठम्याउनु जोखिमपूर्ण काम हो । इतिहासको पुनर्लेखन गरिन्छ वा गराइन्छ । सालिकहरु भत्काइन्छन् । एक कालखण्डका नायकलाई समयक्रममा प्रतिनायक वा खलनायक ठहऱ्याउन सकिन्छ । तर, उनी 'ठूलो' मान्छे थिएनन्- उनको महानता नै आजीवन साधारण मानिस भइरहनु थियो । सायद त्यसैले उनका बारेमा लेख्न असहज महसुस हुन्छ । उनले खुकुरी नचाएनन्, बन्दुक चलाएनन्, कलकारखाना स्थापित गरेनन्, व्यापारिक घरानाको सूत्रपात गरेनन् ।

पाण्डे जिउँदा मान्छे थिए, सम्झनामा त्यसरी नै भइरहनेछन् । ठूला मान्छेहरूको विगत सम्झेर आगत ठम्याउनु जोखिमपूर्ण काम हो । इतिहासको पुनर्लेखन गरिन्छ वा गराइन्छ । सालिकहरु भत्काइन्छन् ।उनी केही समयका लागि मन्त्री भए, फेरि त्यस्तो कुनै पद ताकेर बसेनन् । सचिव भए- सायद मुख्य सचिव हुन सक्थे- तर कुरेर बसिराख्न उनको मनले मानेन । कुनै कीर्तिस्तम्भ ठड्याएनन् । पुस्तक लेखे तर आफ्ना कुरा राख्नु 'बेस्टसेलर' उत्पादन गर्नलाई होइन । जीवनको उत्तरार्धमा कविता कोरेको सत्य हो तर छन्दबद्ध शब्द थुपारेर महाकाव्य प्रकाशित गर्नेतिर लागेनन् । पाण्डेका बारेमा लेख्न बडो कठिन किन पनि हो भने उनले चाहेका भए गर्न सक्ने सबै काम छाडेर राजीखुसी एउटा यस्तो असामान्य किसिमको सामान्य जीवन रोजेका थिए, जहाँ आस्था, व्यवहार एवं दैनिकीबीच न्यूनतम विरोधाभासका साथ बाँच्न पाउँदा उनलाई न कुनै गर्व थियो न रत्तिभर ग्लानि- बस, मस्तमौला ।

पारिवारिक पृष्ठभूमि औसत नेपालीको भन्दा माथि थियो । उमेरसँगै आफन्तको दायरा संकुचित हुँदै गएको थियो । मतभेदहरु थाती राखेर बृहत् परिवारसँग जोडिइरहने उनको चरित्र भने कायम थियो । साथीभाइका लागि कस्सिने भए पनि तिनका स-साना कमजोरीहरु उनले अनदेखा गर्न सक्दैनथे । जीउ गल्दै गएपछि मनोबल केही कमजोर भए पनि हरेक बिहान आशाले ब्युँझिने आदत उनले छाडेका थिएनन् । स्वास्थ्यले साथ दिएसम्म उनी आत्मविश्वासले खटिन्थे- अरु केही गर्न नसके पनि दोस्रो र तेस्रो पुस्ताका जुझारूहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष तवरले प्रोत्साहित गर्ने उनको बानी कहिल्यै गएन ।


तर आखिर डाक्टर पाण्डे पनि मान्छे न थिए । कहिले झनक्क रिसाउने, कहिले निराश सुनिने । आफ्नो गल्तीबाट सिक्ने तर फेरि त्यस्तै गल्ती दोहोऱ्याउने । कहिले बुझ्नै नसकिने जिद्दी, कहिले पग्लिएर पानीसरि बन्ने लचकता । कसैको पनि जीवन सरल रेखामा हिँड्दैन, उनले भने स्वेच्छाले उकालो-ओरालोमा अनगिन्ती मोडहरु भएको चुनौतीपूर्ण जिन्दगी रोजेका थिए । उपलब्धिका केही रंगीन क्षण- सन् १९९० र सन् २००६ गरी कम्तीमा दुई सफल राजनीतिक आन्दोलनहरूमा स्वतन्त्र नागरिकहरूका तर्फबाट नेतृत्वदायी सहभागिता ।

असफल प्रयोगका पाटाहरु- आर्थिक स्वावलम्बन प्रारम्भ सुरु भयो, अपेक्षित गति लिन सकेन राजनीतिक दल बनाए, चलाउन सकेनन् । अलिकति हर्षित ईर्ष्या- 'ओ खगेन्द्रजी, कति मीठो लेख्न सकेको ।' युवा सहयोद्धाहरूको सफलतामा हर्षोल्लास- 'भाष्कर डाक्टर भयो ।' कहिलेकाहीँ अपार विषाद- 'यी माओवादीहरु कति छिटो र के विधि बिग्रेका !' कहिलेकाहीँ चट्टानजस्तै कठोर- 'सात दलले जेसुकै भनुन्, गणतन्त्रबेगरको लोकतन्त्र अब स्वीकार्य हुन सक्दैन ।' असामान्य भए पनि सामान्य मनुवा थिए- त्यसैले परिस्कृत परिकार, स्तरीय मद्य, सुकिलो पहिरन एवं आकर्षक पर्यटनस्थलबारे मुख बार्ने र घुमफिर गर्न नियन्त्रित गर्ने अवस्थामा पुगिसक्दा पनि मीठो मानेर कुरा गर्ने गर्थे ।

**अतीतको प्रतिध्वनि**

सञ्चार र समाजबीचको अन्तरसम्बन्धका अग्रणी तथा दूरदर्शी अध्येता मार्शल मक्लुहान पढिनुभन्दा धेरै उद्धृत गरिने ज्ञाता हुन् । त्यसो हुनुको कारण छ । उनका 'माध्यम नै सन्देश हो', 'विश्वग्राम' र 'प्रत्येक समाजले आफ्ना जीवित अनुसारक र मृत विद्रोहीहरूलाई सम्मान गर्छ' जस्ता सूक्तिहरु दैनिक कुराकानीको हिस्सा बन्न पुगेका छन् । सहकार्य गरेकाहरूले डाक्टर पाण्डेलाई उनका कमीकमजोरीहरूका साथ बुझेको हुनुपर्छ । पुस्तक र लेखलाई मुख्य माध्यम मान्ने पुस्ता डाक्टर पाण्डेलाई पढेर उनको विद्वत्ता, विज्ञता र विकाससम्बन्धी दृढ अवधारणाबाट प्रभावित भएका हुन् । (अ) सामाजिक सञ्जालका अम्मलीहरूलाई उनको प्रविधिप्रतिको उत्सुकता, क्रिकेटमा रुचि र नयाँ पुस्ताप्रतिको विश्वास आकर्षक लाग्दो हो । तर उनका बारेमा मक्लुहानको अन्तिम सूक्ति भने मेल खाँदैन- उनी अनुसारक नभई विद्रोही थिए तर सम्मान पाउन उनलाई मृत्यु पर्खनु परेन । एक पटक उनको सम्पर्कमा आएको व्यक्ति असंख्य असहमतिका बाबजुद उनको आजीवन प्रशंसक नरहेको उदाहरण कमै होला ।

पंक्तिकारले पहिलो पटक उनलाई भेटेको सन् १९८० को दशकमा हो । अर्बुद रोग निवारण संस्थाले 'अमूल्य जीवनलाई धूवाँमा नउडाऊ' नाराका साथ एउटा कार्यक्रम गर्ने भएको थियो । वक्ताका लागि बुद्धिजीवीहरूमध्येबाट डाक्टर पाण्डे र साहित्यकारहरूमध्ये वानिरा गिरीलाई बोलाउने प्रस्तावमा कार्यक्रमका कर्ताधर्ता वसन्त चौधरी सहमत भए । सचेतना कार्यक्रम भएर होला, पंक्तिकारले भेटेर अनुरोध गर्दा दुवै प्रस्तोता



सहजे तयार भएका थिए । कार्यक्रमको निमन्त्रणा पत्र छापिएर आएपछि पुऱ्याउने जिम्मा पनि लिइयो । लेखकीय उत्साहका साथ कवियत्री गिरीले आफ्ना प्रस्तुतिका बुँदाहरु छलफल गरिन् ।

पुरानो बानेश्वरको आइडिएस भन्ने संस्थाको आफ्नो कार्यकक्षमा डाक्टर पाण्डेले पंक्तिकारलाई दोस्रो पटक भेट दिए । निमन्त्रणा पत्र उनको हातमा परेपछि उनले खामबाट कार्ड झिक्दै गर्दा उनको नजर कार्यक्रमको मुख्य अतिथिको शाही विशेषण-अधिराजकुमारी वा शाहजादी के हो- तिर पुगेछ । बाँकी कार्ड उनले खामबाट झिक्दै नझिकी च्यारच्यार च्यातेर झ्यालबाहिर हुत्याइदिएका थिए- 'यो के भएको तपाईंहरूलाई ? सचेतना कार्यक्रममा पनि राजपरिवार !' पछि त्यो प्रसंग सुनाउँदा उनको टिप्पणी थियो- 'डस्टबिनमा फाले हुँला, झ्यालबाहिर नफाल्ने चेतना त मसँग थियो है !'

दोस्रो असहमति अझ विचित्रको छ । अनामनगरको एउटा कुनै गैंससको सानो कोठामा नागरिक आन्दोलनकर्मीहरूको कचेहरी- कचकच र गन्थन बढी गरिने भएकाले बैठक भन्न मिल्दैन- बस्ने गर्थ्यो । नागरिक समाजको साटो नागरिक आन्दोलन र नेताको साटो अगुवाजस्ता शब्दहरु त्यही कचेहरीबाट पंक्तिकारको प्रस्तावमा प्रचलनमा ल्याइएका हुन् । गफगाफको सिलसिलामा एउटा अर्को प्रस्ताव गरियो- शिवरात्रिको भीडमा राजनीतिक चेतनाको कार्यक्रम पनि भयो भने सामान्यजनमा प्रजातन्त्रको सन्देश पुग्छ, धडपकडको जोखिम पनि कम हुन्छ । डाक्टर पाण्डे हाँसेका थिए- 'आफू परियो नास्तिक, त्यस्तो कुरा दिमागमै आउँदैन ।' उनी थिए आन्दोलनकर्मीहरूका सर्वमान्य प्रस्ताव कार्यान्वयनमा गएन र त्यसको साटो सत्तालाई ठाडो चुनौती दिने आमसभाहरूको सिलसिला सुरु भयो ।

तेस्रो असहमति राष्ट्रपति जिमी कार्टरको सन् २००७ को भ्रमणको बेलामा भएको भेटघाटमा डाक्टर पाण्डे र पंक्तिकार सँगसँगै पर्न गएकाले एकअर्काको प्रस्तुति सुनिने नै भयो । सुटमा ठाँट्टिएर डाक्टर पाण्डेले माओवादीहरुको व्यवस्थापन, लोकतन्त्र, संविधान र विकासका चुनौतीहरूबारे आफ्ना कुरा राखे । मोटरसाइकलमा धुलाम्मे भएर अनौपचारिक पोसाकमा पुगेको पंक्तिकारलाई केही अप्ठ्यारो महसुस भए पनि मधेसको मुद्दा उठाउन कति पनि असहज लागेन । हुन त राष्ट्रपति कार्टर बदामका किसान मात्र नभएर ठूला व्यवसायी पनि थिए तर उनलाई सोधियो- 'दक्षिणतिरका अमेरिकीहरूको जुत्तामा मैला लागेको हुन्छ भन्ने पूर्वी तटको हेपाहा आहान सुन्नु भएकै होला !' उनले नसुनेको जस्तो टाउको हल्लाए पनि अनुहारको भावले भने केही अरु नै भनिरहेको थियो । 'नेपालमा मधेशीहरूसँग गरिने व्यवहार त्यसभन्दा पनि खराब छ' भन्ने अभिव्यक्ति सुनेका डाक्टर पाण्डेले सँगै बाहिरिने बेलामा छोटो टिप्पणी गरेका थिए- 'कुरा त ठीकै होला तर उठाउने ठाउँ ठीक भएन ।'

अन्तिम असहमति सायद सन् २०१५ को १६ बुँदे षड्यन्त्रपछिको हो । उनको आकलनमा मधेशीहरूलाई बेवास्ता गर्दै गरिएको त्यो राजनीतिक सहमति आवश्यक र महत्त्वपूर्ण थियो । नाकाबन्दी सुरु भएर विवाद बल्झिँदै गएपछि त्यतिबेलासम्म माओवादीमा रहेका बाबुराम भट्टराईको व्यक्तिगत अनुरोधमा उनी पुष्पकमल दाहालकहाँ जान तयार त भए तर त्यतिबेलासम्म धेरै ढिलो भइसकेको थियो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाजस्तै दाहालले पनि खस-आर्य समुदायका नृजातीय मुख्तियार खड्गप्रसाद शर्मा ओलीलाई देशको सर्वोपरि नेताका रूपमा स्वीकार गरिसकेका थिए । विवादित संविधानले मधेशी र गैरमधेशी नेपालीहरूबीच कायम रहेको गहिरो खाडललाई अझ चौडा बनाएको कुरा धेरै पछिसम्म उनी मान्न तयार थिएनन् । संशोधन भए संविधान झन् पश्चगामी हुन्छ भन्ने मान्यता स्वीकार गरे पनि पुनर्लेखनको कुरालाई उनी जोखिमपूर्ण मान्थे । लागेको कुरा प्रस्टसँग भन्ने, असहमति धैर्यका साथ सुन्ने तर आफ्नो निर्णयमा अडिग रहने उनको स्वभावले उनलाई आफ्ना आलोचकहरूबीच पनि स्वीकार्य बनाएको हुनुपर्छ ।

**जरुरी विच्छेदन**

आधारभूत मानवीय मूल्य एवं स्वाधीनता, समानता, बन्धुत्व, धर्मनिरपेक्षता र समन्यायजस्ता आस्थाहरुप्रति सहमतिसँग सम्बन्धित अनुभवहरूको उल्लेख किन पनि जरूरी छैन भने त्यस्ता मुद्दाहरुप्रति प्रतिबद्ध वर्चस्ववादी समुदायका थोरै व्यक्तिहरूमध्ये डाक्टर पाण्डे अग्रणी थिए । बाह्य बन्देज, बल प्रयोग र सरकारी हस्तक्षेपबाट मुक्त व्यक्तिगत स्वतन्त्रताका आधारित परम्परागत उदारवाद सँगसँगै लैंगिक समानता एवं तिरस्कृतका लागि समावेशिता तथा बहिष्कृतका लागि संघीयताको अपरिहार्यता उनका लागि स्वीकार्य बन्दै गएको थियो । तर आफ्ना सबै अग्रगामी आस्थाका बाबजुद उनी मूलतः मध्यमार्गी थिए- सही बाटो समात्न सकियो भने ढिलै भए पनि लोकतान्त्रिक समाजवादको लक्ष्यमा पुग्न सकिने उनको विश्वास अटल थियो । त्यही प्रतीति सायद उनको अजस्र ऊर्जाको स्रोत थियो ।

सन् २००६ मा दोस्रो जनआन्दोलनमा विराम लागेपछि केही आन्दोलनकारीबीच समीक्षा बैठक भएको सम्झना छ । वामपन्थी झुकाव भएका आन्दोलनकर्मीहरु सके पार्टी खोल्ने वा कम्तीमा दलहरूसँग सत्तामा सहभागिता खोज्ने मनस्थितिमा थिए । जुझारू प्रवृत्तिका युवाहरूमा नयाँ मुद्दा उठाएर निरन्तर आन्दोलनरत रहने जोस बाँकी थियो । डाक्टर पाण्डे अलमलमा देखिन्थे । एकातिर सत्तामा भागीदारी खोज्ने हो भने नागरिक आन्दोलनको स्वतन्त्र अस्तित्व हराउँछ र अर्कोतिर रोजगारी, धारा, बत्ती र महँगीविरुद्ध निरन्तर खबरदारी गरिरहने हो भने ट्रेड युनियन र उपभोक्ता समूहजस्तै हुन पुगिन्छ भन्ने पंक्तिकारको विचार कसैले रूचाइरहेका थिएनन् । नागरिक आन्दोलनले संख्या वा लोकप्रियताभन्दा पनि पछाडि हट्न सक्ने नैतिक बलले गर्दा स्विकार्यता प्राप्त गर्छ भन्ने धारणा महात्मा गान्धी र जयप्रकाश नारायणको उदाहरणका साथ प्रस्तुत गरिएपछि डाक्टर पाण्डे र खगेन्द्र संग्रौला नागरिक स्वतन्त्रता जोखिममा पर्ने हो भने पुनः सडकमा उत्रिने संकल्पका साथ आन्दोलनलाई विराम दिन सहमत भएका थिए । निष्कर्ष न त पूर्णता हो, न त कुनै अन्त्य । निरंकुशताको आभास पाउनासाथ डाक्टर पाण्डे ओछ्यानबाटै कुर्लिन्थे खगेन्द्र दाइ अहिले पनि सडकमा उत्रिन तम्तयार रहन्छन् ।

डाक्टर पाण्डे अनिश्वरवादी भएकाले सायद उनलाई सनातन दार्शनिक परम्पराको 'सत्यम्-शिवम्-सुन्दरम्' भन्दा अमेरिकाको प्रगतिवादी युग (करिब सन् १८९०-१९२०) को धारणा आकर्षक लाग्दो हो । वेदान्त दर्शनको व्याख्यात्मक परम्परामा ब्रह्मको सत्यस्वरूप जब कल्याणकारी रूपमा अभिव्यक्त हुन्छ, त्यसलाई 'शिव' भनिन्छ र जब त्यही वास्तविकता मानव चेतनामा रस, आनन्द र सौन्दर्यका रूपमा अनुभूत हुन्छ, त्यसलाई 'सुन्दर' भनिन्छ । सत्यको खोज दार्शनिक, वैज्ञानिक, अनुसन्धानकर्ता तथा ऋषिमुनिहरूको कार्य हो । कलाकार, साहित्यकार, संगीतकार तथा अन्य सर्जकहरूले सुन्दरताको रचना गर्छन् । सत्य र सुन्दरले व्यक्तिलाई संवेदनशील, करुणामय र आत्मचिन्तनशील बनाउँछ । सत्यको खोज एवं सुन्दरताका लागि आराधनालाई एक थरी विशिष्टता चाहिन्छ । त्यसैले समाजका सबै मानिस न त दार्शनिक हुन्छन्, न कलाकार । सत्य र सुन्दरले पूर्णता भने शिव अर्थात् सत्कर्ममा पाउँछ । प्रत्येक व्यक्तिमा शिवत्व हासिल गर्ने सम्भावना रहेको हुन्छ ।

जुनसुकै कर्तव्यनिष्ठ व्यक्तिमा अन्ततः अद्वैत वेदान्तको 'शिवोऽहम्' भाव अन्तर्निहित हुन्छ । त्यस अर्थमा सदाचारी र कर्तव्यनिष्ठ भएकाले सायद डाक्टर पाण्डे कतिपय धर्मपरायण व्यक्तिभन्दा बढी 'आस्तिक' थिए । बिर्सनु मानवीय प्रवृत्ति हो । उनलाई सम्झिनेहरूलाई पनि नित्यकर्ममा फर्किने पर्नेछ । तर 'शिवोऽहम्' हुनुको आनन्द भने कमैले भेट्टाउन गर्छन् । पर्यटनको निहुँमा काशी गइराख्ने डाक्टर पाण्डे । फागुको मदनोत्सवमा तीन पुस्ताका सहभागीहरूलाई घरमा आमन्त्रित गरेर रमाउँथे । जसरी शीतको थोपा देदीप्यमान महासागरमा विलीन हुन्छ, 'परम' अन्ततः परममा विलीन भए । उनका प्रशंसकहरूले आ-आफ्नो अन्तर्मनमा 'शिव' को खोजीभन्दा बढी उपयुक्त श्रद्धाञ्जली उनका लागि अरु केही हुन सक्दैन । - *कान्तिपुर*

# ०८२/८३ मा लक्ष्यको ८४.६६ प्रतिशत उठ्यो राजस्व

काठमाडौं । सरकारले आर्थिक वर्ष ०८२/८३ मा विभिन्न कर, भन्सार, शुल्क, दस्तुर, रोयल्टी, जरिवाना तथा अन्य स्रोतबाट १२ खर्ब ५३ अर्बभन्दा बढी राजस्व संकलन गरेको छ । गत आवमा सरकारले १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिएको थियो । यो लक्ष्यको ८४.६६ प्रतिशत हो ।

सरकारले उठाउने राजस्वको सबैभन्दा ठुलो हिस्सा अझै पनि आयात, मूल्य अभिवृद्धि कर (भ्याट), कम्पनीको नाफा र मदिरा-सुर्तीमा लाग्ने अन्तःशुल्कबाट आएको देखिएको छ । राजस्वमध्ये सबैभन्दा धेरै रकम आयातमा लाग्ने भन्सार र भ्याटबाट उठेको छ । कम्पनीको नाफामा लाग्ने कर, व्यक्तिगत आयकर, अन्तःशुल्क, ब्याज तथा लाभांश कर र विभिन्न सेवा तथा दस्तुरले सरकारको ढुकुटी भरेका छन् ।

आयकरतर्फ एकलौटी फर्म तथा व्यक्तिगत आयकरबाट ३१ अर्ब ७८ करोड ८० लाख रूपैयाँ, पारिश्रमिक करबाट ३८ अर्ब ५३ करोड ९९ लाख रूपैयाँ, पुँजीगत लाभ करबाट ३३ अर्ब ४४ करोड ३३ लाख रूपैयाँ र आकस्मिक लाभ करबाट २१ करोड ७६ लाख रूपैयाँ संकलन भएको छ । एकलौटी व्यवसायको आयकरबाट ९५ लाख रूपैयाँ उठेको छ ।

कम्पनी तथा संस्थाको नाफामा लाग्ने करअन्तर्गत सरकारी संस्थानबाट नौ अर्ब १३ करोड ७६ लाख, पब्लिक लिमिटेड कम्पनीबाट ६९ अर्ब ९८ करोड ३२ लाख रूपैयाँ, प्राइभेट लिमिटेड कम्पनीबाट ५४ अर्ब ८० करोड ७२ लाख रूपैयाँ तथा अन्य संस्थाबाट १८ अर्ब ४२ करोड नौ लाख रूपैयाँ राजस्व उठेको छ । निकायको पुँजीगत लाभ करबाट तीन अर्ब ७६ करोड १९ लाख रूपैयाँ, आकस्मिक लाभ करबाट ६ करोड २२ लाख रूपैयाँ तथा अन्य आयकरबाट एक लाख ५३ हजार रूपैयाँ संकलन भएको छ ।

सम्पत्ति, बहाल, ब्याज र लाभांशबाट सम्पत्ति, बहाल तथा पट्टाबाट दुई अर्ब ८३ करोड ४५ लाख रूपैयाँ, ब्याज करबाट २६ अर्ब १० करोड १६ लाख रूपैयाँ, लाभांश करबाट आठ अर्ब ११ करोड ४३ लाख रूपैयाँ, लगानीसम्बन्धी अन्य आयकरबाट २९ करोड ८४ लाख रूपैयाँ, अन्य आयकरबाट एक अर्ब ८६ करोड ४८ लाख रूपैयाँ, पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा करबाट नौ अर्ब २० करोड ५४ लाख रूपैयाँ उठेको छ ।

विलासिता शुल्कबाट दुई अर्ब १४ करोड ३० लाख रूपैयाँ, सिप प्रवर्द्धन शुल्कबाट १३ करोड १६ लाख रूपैयाँ, स्वास्थ्य जोखिम कर (स्वदेशी उत्पादन) बाट ६ अर्ब ५४ करोड ४६ लाख रूपैयाँ, स्वास्थ्य जोखिम कर (विदेशी उत्पादन)बाट दुई करोड ९८ लाख रूपैयाँ, स्वास्थ्य सेवा करबाट २४ लाख रूपैयाँ, शैक्षिक संस्थाबाट शिक्षा सेवा कर ८० लाख रूपैयाँ, वैदेशिक अध्ययन शिक्षा सेवा करबाट तीन अर्ब ९३ करोड ६२ लाख रूपैयाँ तथा विद्युतीय सेवा कर (डिएसटी)बाट ६ करोड ३६ लाख रूपैयाँ संकलन भएको छ ।

सडक तथा पूर्वाधारसम्बन्धी करअन्तर्गत साना सवारी करबाट ५५ हजार रूपैयाँ, वस्तुको उपयोग तथा उपयोग अनुमति करबाट २७ करोड ३० लाख रूपैयाँ, सडक मर्मत तथा सुधार दस्तुरबाट १० अर्ब २६ करोड ७९ लाख रूपैयाँ, सडक निर्माण तथा सम्भार दस्तुरबाट पाँच अर्ब १० करोड ३९ लाख रूपैयाँ, पूर्वाधार करबाट १७ अर्ब १० करोड ४३ लाख रूपैयाँ उठेको छ ।

भन्सार महसुलअन्तर्गत आयातबाट एक खर्ब ९० अर्ब रूपैयाँ, निर्यातबाट एक अर्ब ८४ करोड २७ लाख रूपैयाँ, निर्यात सेवा शुल्कबाट एक करोड ६१ लाख रूपैयाँ, हरित करबाट ६ अर्ब ७८ करोड ७३ लाख रूपैयाँ, स्वच्छ पूर्वाधार लगानी शुल्कबाट ४८ करोड २२ लाख रूपैयाँ, कृषि सुधार शुल्कबाट सात अर्ब ७८ करोड ३२ लाख रूपैयाँ, भन्सारसम्बन्धी अन्य आयबाट ८५ करोड ६४ लाख रूपैयाँ, आन्तरिक उत्पादन संरक्षण तथा प्रवर्द्धन शुल्कबाट २० करोड ७५ लाख रूपैयाँ तथा आयातमा लाग्ने अन्य शुल्कबाट ११ हजार पाँच सय रूपैयाँ उठेको छ ।

ब्याज र लाभांश आम्दानीअन्तर्गत वित्तीय निकायबाट ब्याज ४६ करोड ७८ लाख रूपैयाँ, सेवामूलक निकायबाट ब्याज एक अर्ब ४३ करोड २३ लाख रूपैयाँ, अन्य निकायबाट ब्याज ५० करोड ८४ लाख रूपैयाँ तथा व्यापारिक निकायबाट एक हजार रूपैयाँ प्राप्त भएको छ । लाभांशतर्फ वित्तीय निकायबाट ४४ अर्ब १७ करोड ६ लाख रूपैयाँ, व्यापारिक निकायबाट एक अर्ब रूपैयाँ, सेवामूलक निकायबाट पाँच अर्ब ७४ करोड ३७ लाख रूपैयाँ र अन्य निकायबाट एक करोड ५२ लाख रूपैयाँ प्राप्त भएको छ ।

रोयल्टीबाट सरकारी सम्पत्तिको बहालबाट ४० करोड ८३ लाख रूपैयाँ, क्यासिनो रोयल्टीबाट ८२ करोड ३९ लाख रूपैयाँ, वन रोयल्टीबाट ८३ करोड २३ लाख रूपैयाँ, खानी तथा खनिज रोयल्टीबाट ४० करोड ६८ लाख रूपैयाँ, विद्युत् रोयल्टीबाट एक अर्ब ९६ करोड ८९ लाख रूपैयाँ, पर्वतारोहण रोयल्टीबाट ५५ करोड नौ लाख रूपैयाँ तथा बाँडफाँट नहुने अन्य रोयल्टीबाट चार अर्ब ४२ करोड २६ लाख रूपैयाँ प्राप्त भएको छ ।

पर्यटन तथा बिक्री आम्दानीअन्तर्गत पर्यटन शुल्कबाट पाँच करोड ९४ लाख रूपैयाँ, पदयात्रा शुल्कबाट ६९ करोड ७० लाख रूपैयाँ, वैदेशिक पर्यटन शुल्कबाट दुई करोड ८२ लाख रूपैयाँ, वैदेशिक रोजगार सेवा शुल्कबाट दुई करोड ९१ लाख रूपैयाँ, कृषि उत्पादन बिक्रीबाट १८ करोड १४ लाख रूपैयाँ, सरकारी सम्पत्ति बिक्रीबाट ३९ करोड १६ लाख रूपैयाँ तथा अन्य बिक्रीबाट ३५ करोड ७२ लाख रूपैयाँ उठेको छ । घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट दुई लाख ७५ हजार रूपैयाँ संकलन भएको छ ।

सेवा शुल्क र प्रशासनिक दस्तुरअन्तर्गत दूरसञ्चार सेवा शुल्कबाट सात अर्ब ५७ करोड ५५ लाख रूपैयाँ र टेलिफोन स्वामित्व शुल्कबाट एक अर्ब २ ९ करोड २ लाख रूपैयाँ उठेको छ । मूल्य अभिवृद्धि कर (भ्याट) सरकारको सबैभन्दा ठुलो राजस्व स्रोत बनेको छ । उत्पादनबाट ४८ अर्ब चार करोड २४ लाख रूपैयाँ, आयातबाट दुई खर्ब २१ अर्ब रूपैयाँ, वस्तु बिक्री तथा वितरणबाट ३१ अर्ब ८० करोड ७१ लाख रूपैयाँ, परामर्श तथा ठेक्काबाट २७ अर्ब ४९ करोड ७२ लाख रूपैयाँ, पर्यटन सेवाबाट चार अर्ब ६ करोड ४६ लाख रूपैयाँ, सञ्चार सेवा, बिमा, हवाई उडान तथा अन्य सेवाबाट ३२ अर्ब ३५ करोड ९४ लाख रूपैयाँ तथा दर्ता नभएका व्यवसायबाट संकलित भ्याट नौ अर्ब १४ करोड ७९ लाख रूपैयाँ रहेको छ ।

अन्तःशुल्कअन्तर्गत सुर्तीजन्य पदार्थबाट २९ अर्ब १८ करोड ३० लाख रूपैयाँ, मदिराबाट ३२ अर्ब १० करोड ७८ लाख रूपैयाँ, बियरबाट ४४ अर्ब ९४ करोड ६० लाख रूपैयाँ, अन्य औद्योगिक उत्पादनबाट २९ अर्ब ३९ करोड ५२ लाख रूपैयाँ तथा आयात अन्तःशुल्कबाट ४९ अर्ब ४५ करोड ६३ लाख रूपैयाँ संकलन भएको छ ।

बाँडफाँट हुने रोयल्टीअन्तर्गत वन क्षेत्रबाट एक अर्ब ३८ करोड २२ लाख रूपैयाँ, खानी तथा खनिजबाट ८९ करोड ५७ लाख रूपैयाँ, विद्युत्बाट चार अर्ब ३२ करोड ३० लाख रूपैयाँ, पर्वतारोहणबाट एक अर्ब ७८ करोड ७१ लाख रूपैयाँ तथा अन्य बाँडफाँट हुने राजस्व ६ लाख ४९ हजार रूपैयाँ रहेको छ ।

# पूर्वी नाकाबाट हुने वैदेशिक व्यापारमा ३६ अर्ब ३८ करोड घाटा

झापा । पूर्वीनाका काँकडभिट्टाबाट हुने वैदेशिक व्यापारमा गत आर्थिक वर्ष ०८२/८३ मा ३६ अर्ब ३८ करोड घाटा भएको छ । मेची भन्सार कार्यालयका अनुसार गत आवमा ३६ अर्ब ३८ करोड ३० लाख ४२ हजार ९२० रुपैयाँ व्यापार घाटा देखिएको हो । यो आर्थिक वर्षमा ६२ अर्ब ६८ करोड ७४ लाख २६ हजार ७६० रुपैयाँ मूल्यको आयात हुँदा २६ अर्ब ३० करोड ४३ लाख ८३ हजार ७८० मूल्यबराबरको निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष ०८१/८२ को यही अवधिमा २५ अर्ब ८३ करोड १० लाख ६४ हजार ३२० रुपैयाँ वैदेशिक व्यापार घाटा थियो । सो वर्ष ०८२/८३ मा ५१ अर्ब ८ करोड ६५ लाख ८ हजार ६८० मूल्यको आयात हुँदा २५ अर्ब ८३ करोड १० लाख ६४ हजार ३२० मूल्यबराबरको निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

नेपालबाट भारत, चीन, बंगलादेश, भुटान, इन्डोनेसिया, भियतनाम, मलेसियालगायत १९ देशसँग व्यापार हुँदै आएको छ । पूर्वीनाकाबाट पेट्रोलियम पदार्थ, जुट, एलपी ग्यास, भटमासको पिना, जिप्सन, सिमेन्टको क्लिन्कर, मुसुरोलगायत सामग्री ठुलो मात्रामा आयात हुन्छ भने नेपालबाट अलैंची, चिया, प्लाइवुड, कुकुर वा बिरालोको खाना, भेनियर सिट, अदुवा, सुठो, अम्रिसोलगायतका नेपाली उत्पादन निर्यात हुने गरेको मेची भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यस्तै, आर्थिक वर्ष ०८२/८३ मा मेची भन्सार कार्यालयले लक्ष्यको ९३ दशमलव ३० प्रतिशत मात्रै राजस्व संकलन भएको जनाएको छ । १८ अर्ब ८७ करोड ७४ लाख राजस्व संकलन गर्न लक्ष्य लिए पनि १७ अर्ब ६७ करोड ७२ लाख मात्र संकलन गरेको छ ।

नेपाली चियालाई परीक्षणको बहानामा आर्थिक वर्ष ०८२/८३ मा करिब दुई महिना भारतले अवरोध गर्दा चिया निर्यातमा गत वर्षको तुलनामा १८ दशमलव १२ प्रतिशत गिरावट आएको छ । आर्थिक वर्ष ०८२/८३ मा ३ अर्ब ४२ करोड ९६ लाख ६९ हजार मूल्यबराबरको एक करोड ३० लाख ४५ हजार ७९१ केजी चिया निर्यात भएको छ । जबकि आर्थिक वर्ष ०८१/८२ मा चार अर्ब १६ करोड ९३ लाख ५८ हजार मूल्यबराबरको एक करोड ५३ लाख ११ हजार ५५५ केजी चिया निर्यात भएको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ । 'चियाको मुख्य सिजनमा नै उद्योग बन्द गर्नुपर्‍यो । त्यसकारण पनि उत्पादनमा समेत समस्या आयो । भारतले निरन्तर अवरोध गर्दा निर्यात घटेको हो,' सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनका अध्यक्ष डिल्ली श्रेष्ठले भने, 'अहिले समस्या समाधान भएको छ । अब यस्तो समस्या आउनु हुँदैन । यस्तो समस्या आएमा किसान पनि रहँदैनन् । उद्योग पनि रहँदैन ।'

पूर्वीनाकाबाट सबैभन्दा धेरै निर्यात हुने नेपाली उत्पादन अलैंचीको निर्यात बढेको मेची भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । अलैंचीको निर्यात ३९ दशमलव २७ प्रतिशतले वृद्धि भएको हो । आर्थिक वर्ष ०८२/८३ मा १२ अर्ब ६३ करोड ६९ लाख ७० हजार मूल्यबराबरको ६३ लाख ८५ हजार ८७० केजी अलैंची निर्यात भएको छ ।

खेलकुद

# अर्जेन्टिनालाई हराउँदै विश्वकप विजेता बन्यो स्पेन, एम्बाप्पेलाई गोल्डेन बुट

साबिक विजेता अर्जेन्टिनालाई हराउँदै स्पेन विश्वकप २०२६ को विजेता बनेको छ। नियमित समयमा गोल नभएपछि थपिएको समयमा १-० गोलले हराउँदै स्पेन च्याम्पिन बनेको हो। स्पेनका लागि १०६ मिनेटमा फेरेन टोरजले गरेको गोल नै फाइनलको निर्णायक बन्यो।

खेलभरि स्पेन आक्रामक बनेकोमा अर्जेन्टिना रक्षात्मक देखिएको थियो। स्पेनले खेलभरि २० सट प्रहार गर्दा अर्जेन्टिनाले तीनवटा मात्र प्रहार गरेको थियो। स्पेन दोस्रोपटक विश्वकप च्याम्पियन बनेको हो । यसअघि सन् २०१० को विश्वकपमा नेदरल्यान्ड्सलाई हराउँदै उसले उपाधि जितेको थियो ।

सन् २०२६ को फिफा विश्वकपमा फ्रान्सका केलिन एम्बाप्पेले सर्वाधिक १० गोल गर्दै गोल्डेन बुट जितेका छन् । त्यस्तै, प्लेयर अफ द टुर्नामेन्टका रूपमा स्पेनका कप्तान रोडिग्रो हर्डान्जेजले गोल्डेन बल जिते। स्पेनका गोलकिपर उनाई सिमोले उत्कृष्ट गोलकिपर बन्दै गोल्डेन ग्लोब्स अवार्ड तथा युवा डिफेन्डर पाउ कुबार्सीले उत्कृष्ट युवा खेलाडीको अवार्ड जितेका छन्।

# जिदान बने फ्रान्सका नयाँ प्रशिक्षक

फ्रेन्च फुटबल संघले पूर्वकप्तान जिनेदिन जिदानलाई पुरुष राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । फिफा विश्वकप २०२६ मा फ्रान्सलाई चौथो स्थान दिलाएका प्रशिक्षक डिडिएर डेसच्याम्पले सोमबार पदबाट राजीनामा दिएका थिए । डिडिएरको राजीनामा स्वीकृत गर्दै संघले जिदानसँग ६ वर्षको सम्झौता गरेको बिबिसीले जनाएको छ । जिदान सन् २०२१ पछि प्रशिक्षण जिम्मेवारीमा फर्किन थालेका हुन् ।

डिडिएरले १४ वर्ष फ्रान्सको राष्ट्रिय टोली सम्हाले । यसक्रममा उनले फ्रान्सलाई एकपटक विश्वकप विजेता तथा उपविजेता बनाए । यसैगरी, सन् २०१६ को युरोकपमा समेत उनले फ्रान्सलाई उपविजेता ट्रफी दिलाएका थिए । आइतबार बिहान अमेरिकाको मेटलाइफ रंगशालामा इंग्ल्यान्डसँग तेस्रो स्थानका लागि भएको खेलमा ६-२ ले पराजित भएपछि डिडिएर प्रशिक्षकका रूपमा आफ्नो अन्तिम खेल घोषणा गरेका थिए ।

जिदानले भने आफ्नो प्रशिक्षक करिअरमा स्पेनिस क्लब रियल म्याड्रिड चार सिजन बिताएका थिए । यसक्रममा उनले रियललाई युरोपियन च्याम्पियनसिप तीनपटक दिलाएका थिए । खेलाडीका रूपमा उनी विश्वकप तथा युरोकप विजेता हुन् । सन् १९९८ मा घरमै आयोजना भएको विश्वकपमा उनकै उत्कृष्ट खेल प्रदर्शनमा फ्रान्सले ब्राजिललाई ३-० ले हराउँदै विश्व च्याम्पियन ट्रफी उचालेका थिए । त्यसबेला फ्रान्सका कप्तान डिडिएर थिए ।

सन् २००६ मा फ्रान्सले उनको कप्तानीमा विश्वकप खेलेको थियो । त्यसबेला फ्रान्स उपविजेतामा सीमित भयो । जर्मनीमा भएको फाइनलमा जिदानले इटालीका खेलाडीलाई टाउको हिर्काएपछि सिधै रातो कार्ड पाएका थिए । उनी मैदानबाट बाहिरिएपछि फ्रान्समाथि इटालीले पकड बनाउँदै विश्वकप नै जित्यो ।

जिदानले यसअघि स्पेनिस क्लब रियल म्याड्रिडको टचलाइन सम्हालिसकेका छन् । सन् २०१६ देखि २०१८ सम्म आफ्नो पहिलो स्पेलमा उनले रियललाई लगातार तीन युइएफए च्याम्पियन्स लिग तथा एक स्पेनिस ला लिगाको उपाधि दिलाएका थिए । रियलमा उनको पहिलो कार्यकालमा क्लबले च्याम्पियन्स लिगसँगै दुईपटक ला लिगा तथा क्लब फिफा विश्वकप जितेको थियो ।

जिदानले प्रो-लाइसेन्स लिएका छन् । रियल म्याड्रिडमा प्रशिक्षकका रूपमा रहँदा उनले प्रो-लाइसेन्स लिएका थिए । पहिलोको तुलनामा दोस्रो कार्यकाल उनले रियललाई गतिलो नतिजा दिलाउने सकेनन् । फ्रान्सका नयाँ प्रशिक्षक नियुक्त भएका जिदानलाई संघले केही दिनपछि सार्वजनिक गरिने जनाएको छ । फ्रान्सले आगामी सन् २०३० जुनसम्मका लागि टोलीको मुख्य प्रशिक्षकमा निदानलाई नियुक्त गरेको हो ।

# पोखरा एभेन्जर्सको मुख्य प्रशिक्षकमा अजन्था मेन्डिस

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को लागि पोखरा एभेन्जर्सले मुख्य प्रशिक्षक नियुक्त गरेको छ। पोखराले तेस्रो संस्करणका लागि श्रीलंकाका पूर्वअन्तर्राष्ट्रिय क्रिकेटर अजन्था विन्स्लो मेन्डिस बलापुवाडुगेलाई मुख्य प्रशिक्षक नियुक्त गरेको टोलीका महाप्रबन्धक अमित लोहनीले जानकारी दिए।

आगामी संस्करणका लागि क्रिकेट संरचनालाई थप सुदृढ बनाउँदै बलियो तथा प्रतिस्पर्धात्मक टोली निर्माण गर्ने लक्ष्यका साथ गरिएको यस नियुक्ति टोलीका लागि एक महत्वपूर्ण उपलब्धिका रूपमा लिएको उनले बताए।

मुख्य प्रशिक्षकमा नियुक्त गरेको सम्बन्धमा पोखराले जारी गरेको विज्ञप्तीमा श्रीलंकाका सर्वाधिक सफल स्पिन बलरहरूमध्ये एक मानिने बलापुवाडुगेले अन्तर्राष्ट्रिय स्तरको समृद्ध अनुभव, उत्कृष्ट रणनीतिक दक्षता तथा विजयी मानसिकता लिएर आएका उल्लेख छ। आफ्नो गौरवपूर्ण अन्तर्राष्ट्रिय क्रिकेट यात्राका क्रममा उनले श्रीलंकाको राष्ट्रिय टोलीबाट क्रिकेटका तीनवटै प्रारूपमा प्रतिनिधित्व गरेका छन्। आफ्नो बलिङ शैली, उत्कृष्ट नियन्त्रण क्षमता र विश्वका उत्कृष्ट ब्याटरहरूलाई समेत कठिन चुनौती दिने क्षमताका कारण अन्तर्राष्ट्रिय क्रिकेटमा विशिष्ट पहिचान स्थापित गरेका उनले श्रीलंकालाई सन् २००८ को एसिया कपको उपाधि दिलाउन महत्वपूर्ण भूमिका खेलेका थिए। 'प्लेयर अफ द टुर्नामेन्ट'समेत घोषित भएका उनीसँग रहेको अनुभव, ज्ञान र खेलप्रतिको दृष्टिकोणले पोखराका खेलाडीहरूलाई मैदानभित्र तथा मैदानबाहिर दुवै क्षेत्रमा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास पोखराको छ। मुख्य प्रशिक्षक नियुक्त बलापुवाडुगेले पोखरासँग आबद्ध भएर परिवारको हिस्सा बन्न पाउँदा आफू गौरवान्वित भएको बताउँदै खेलाडी, प्रशिक्षक टोली तथा व्यवस्थापनसँग नजिकबाट सहकार्य गर्दै उत्कृष्ट टोली निर्माण गर्न आफू उत्साहित रहेको बताए।

कर्पोरेट

## ● एनआइसी एसिया बैंक २९औँ वर्षमा प्रवेश

एनआइसी एसिया बैंक स्थापनाको २९औँ वर्षमा प्रवेश गरेको छ । बैंकले सप्ताहव्यापी कार्यक्रम गरी वार्षिकोत्सव मनाएको हो । यस अवसरमा बैंकले देशभर विभिन्न कार्यक्रम तथा सामाजिक कार्य सञ्चालन गरिरहेको छ ।

यसै अवसरमा ४ साउनमा पशुपति मन्दिर दर्शन गर्ने भक्तजनका लागि खानेपानी वितरण गरेको बताइएको छ । त्यसैगरी, बैंकले नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय रक्तसञ्चार सेवासँगको सहकार्यमा बैंकको केन्द्रीय कार्यालय, कमलादीमा रक्तदानसमेत गरेको छ । रक्तदान कार्यक्रममा एक सयभन्दा बढी कर्मचारी तथा ग्राहकले रक्तदान गरेका थिए ।

यसका साथै संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सातै प्रदेशका विभिन्न स्थानमा १३ वटा विद्यालय र एक आश्रमलाई सहयोग उपलब्ध गराइएको बैंकले जनाएको छ ।

बैंकका अनुसार, कोशी प्रदेशमा चार, बागमतीमा चार र अन्य प्रदेशमा एक-एक विद्यालयमा कम्प्युटर, फर्निचर, स्मार्ट बोर्ड, भवनको छाना ट्रस निर्माण, प्रोजेक्टर, वाटर प्युरिफायर, प्रिन्टर, झोला र शैक्षिक सामग्री सहयोगसमेत उपलब्ध गराइएको छ ।

बैंकले सातै प्रदेशका सांस्कृतिक सम्पदा, मन्दिर, विद्यालय तथा अन्य सार्वजनिकस्थलको संरक्षण तथा प्रवर्द्धन गर्ने सरसफाइ कार्यक्रम सञ्चालन गरेका बताइएको छ ।

## ● एनएमबि बैंकद्वारा सबै प्रदेशका लागि 'प्रदेश बचत खाता' सुरु

एनएमबि बैंक लिमिटेडले नेपालका सातवटै प्रदेशका लागि 'प्रदेश बचत खाता' योजना सुरू गरेको छ। देशका विभिन्न भागमा रहेका ग्राहकहरूको स्थानीय पहिचान र वित्तीय आवश्यकतालाई ध्यानमा राख्दै नयाँ बचत योजना ल्याएको बैंकले जनाएको छ। बैंकले कोशी प्रदेशका लागि कोशी बचत खाता, मधेश प्रदेशका लागि मिथिला बचत खाता, बागमती प्रदेशका लागि बागमती बचत खाता, गण्डकी प्रदेशका लागि फेवा बचत खाता, लुम्बिनी प्रदेशका लागि बुद्धभूमि बचत खाता, कर्णाली प्रदेशका लागि रारा बचत खाता र सुदूरपश्चिम प्रदेशका लागि खप्तड बचत खाता सुरू गरेको हो।

डिजिटल बैंकिङ र बचतलाई प्रोत्साहन गर्न यस योजनामा धेरै आकर्षक सुविधाहरु समावेश गरिएका बैंकले जनाएको छ। ग्राहकहरूले पहिलो वर्षका लागि निःशुल्क मोबाइल बैंकिङ, निःशुल्क इन्टरनेट बैंकिङ र निःशुल्क भिसा डेबिट कार्डका साथै पहिलो वर्षका लागि निःशुल्क डिम्याट र मेरोसेयर खाता दर्ता सुविधासहित अन्य थप सुविधाहरु प्राप्त गर्नेछन्।

## ● कामना सेवा विकास बैंकद्वारा नेपालपे कार्ड इस्युइङ र अक्वायरिङ सुरु

कामना सेवा विकास बैंक लिमिटेडले नेपालपे कार्डको इस्युइङ र अक्वायरिङको थालनी गरेको छ। बैंकले आफ्नो डिजिटल बैंकिङ सेवा विस्तार गर्ने उद्देश्यअनुरूप यो सेवा सुरू गरेको हो।

यो सेवाअन्तर्गत अब बैंकले आफ्ना ग्राहकलाई नेपालपे कार्ड प्रदान गर्नुका साथै देशभर रहेका एटिएमहरूबाट नेपालपे कार्डका साथै डिस्कभर नेटवर्कका अन्तर्राष्ट्रिय कार्डबाट पनि कारोबार गर्न सकिनेछ। बैंकले अन्य कार्ड स्किमहरूका साथै नेसनल पेमेन्ट स्विचअन्तर्गत सञ्चालनमा रहेको नेसनल कार्ड स्किम-नेपालपे कार्ड पनि प्रदान गर्ने भएको छ। एनसिएचएलले हालै नेपालपे कार्डको व्यावसायिक रोलआउट सुरू गरेपश्चात् अन्तर्राष्ट्रिय नेटवर्क डिस्कभरसँगको सहकार्यमा नेपालपे कार्ड विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ।

बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपालपे कार्डहरु नेपाल तथा विदेशमा रहेका एटिएम र पिओएस टर्मिनलमा समेत प्रयोग गर्न सकिने भएको छ। साथै, रूपे कार्डलगायत अन्तर्राष्ट्रिय डिस्कभर कार्डहरु पनि नेपालमा प्रयोग गर्न सकिनेछ।

## ● १४ साउनदेखि ऋणपत्र निष्कासन गर्दै लक्ष्मी सनराइज

लक्ष्मी सन्राइज बैंकले १४ साउनदेखि ऋणपत्र निष्कासन गर्ने भएको छ । बैंकले तीन अर्ब रूपैयाँबराबर प्रतिकित्ता एक हजारका दरले ३० लाख कित्ता ऋणपत्र निष्कासन गर्न लागेको हो । '७ प्रतिशत लक्ष्मी सन्राइज डिबेन्चर २०९२' को अवधि १० वर्ष र वार्षिक ब्याजदर ७ प्रतिशत हुने बताइएको छ । कुल ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात् एक अर्ब ८० करोड रूपैयाँबराबरको १८ लाख कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट बाँडफाँड गरिनेछ भने बाँकी ४० प्रतिशत अर्थात् एक अर्ब २० करोड रूपैयाँबराबरको १२ लाख कित्ता सर्वसाधारणमा निष्कासन गरिने बताइएको छ ।

साथै, सर्वसाधारणमा निष्कासन हुनेमध्ये ६० हजार कित्ता ऋणपत्र सामूहिक लगानी कोषहरूका लागि छुट्याइएको बैंकले जनाएको छ । लगानीकर्ताले न्यूनतम २५ कित्ता र अधिकतम सम्पूर्ण कित्ताका लागि आवेदन दिन पाउनेछन् । निष्कासन बन्द छिटोमा १९ र ढिलोमा २८ साउनमा हुनेछ ।

## ● माछापुच्छ्रे बैंकको सिनियर डिसिइओमा अर्याल र डिसिइओमा जमरकटेल

माछापुच्छ्रे बैंकको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत (सिनियर डिसिइओ)मा प्रसिद्धराज अर्याल र नायब प्रमुख कार्यकारी अधिकृत (डिसिओ)मा सुभाष जमरकटेल नियुक्त भएका छन् । ४ साउनमा बसेको बैंक सञ्चालन समितिको बैठकले हाल डिसिओ रहेका अर्याललाई सिनियर डिसिओ र नायब महाप्रबन्धक रहेका जमरकटेललाई डिसिओमा बढुवा गरेको हो ।

अर्यालसँग कर्जा, ट्रेजरी तथा करेस्पोन्डेट बैंकिङ, शाखा सञ्चालन र लघुवित्तजस्ता विभिन्न बैंकिङ क्षेत्रमा करिब दुई दशकभन्दा बढीको अनुभव, ज्ञान तथा उत्कृष्ट नेतृत्व दक्षता रहेको छ । उनी यसअघि सिभिल बैंक, सन्राइज बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकमा समेत विभिन्न पदमा काम गरिसकेका छन् । उनले काठमाडौं विश्वविद्यालयबाट व्यापार प्रशासन संकायमा स्नातकोत्तर गरेका छन् । त्यस्तै, जमरकटेलले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाबाट चार्टर्ड एकाउन्टेन्सी तथा नेपालको त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन र कानुन विषयमा स्नातक तह उत्तीर्ण गरेका छन् । चार्टर्ड एकाउन्टेन्ट तथा वित्तीय व्यवस्थापनमा अनुभवी मानिने उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआइटी) थाइल्यान्डबाट बैंकिङ तथा फाइनान्स विषयमा प्रोफेसनल मास्टर्स डिग्रीसमेत हासिल गरेका छन् ।

## ● नेपाल लाइफद्वारा १३ अर्बभन्दा बढी प्रथम बिमा शुल्क संकलन

नेपाल लाइफले जीवन बिमा उद्योगमा पहिलोपटक १३ अर्बभन्दा बढी प्रथम बिमा शुल्क आर्जन गरेको छ । कम्पनीले २५ वर्षको गौरवमय यात्राका अवसरमा १३ अर्बभन्दा बढी प्रथम बिमा शुल्क आर्जन गर्दै नेपालको जीवन बिमा इतिहासमा नयाँ अध्याय थप्न सफल भएको दाबी गरिएको हो । कम्पनीले गत आर्थिक वर्षमा १० अर्ब प्रथम बिमा शुल्क आर्जन गर्दै कायम गरेको ऐतिहासिक उपलब्धिलाई यस वर्ष अझ उचाइमा पुऱ्याइएको बताएको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कम्पनीलाई यस उपलब्धिलाई सम्भव बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गरे । कम्पनीका अनुसार यो ऐतिहासिक उपलब्धिले नेपालको जीवन बिमा उद्योगमा नयाँ मानक स्थापित गरेको छ । कम्पनीले आगामी दिनमा अझ थप प्रविधिमैत्री तथा ग्राहकमैत्री सेवा, नवीन बिमा योजना, प्रभावकारी लगानी व्यवस्थापन, कर्मचारी तथा अभिकर्ताको क्षमता अभिवृद्धि तथा विश्वस्तरीय बिमा सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सम्पूर्ण ग्राहक, अभिकर्ता, कर्मचारी, सेयरधनी तथा सरोकारवालाको साझा सफलताका रूपमा ग्रहण गर्दै जीवन बिमा क्षेत्रको अग्रणी संस्थाका रूपमा बढ्ने विश्वास व्यक्त गरेको छ ।

## ● मौसमजन्य विपत् जोखिमसम्बन्धी पूर्वसूचना टेलिकमले दिने

नेपाल टेलिकम र जल तथा मौसम विज्ञान विभागबिच जल तथा मौसमजन्य विपत् जोखिमसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्झौता सम्पन्न भएको छ । सम्झौतापत्रमा टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. अर्चना श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

देशभरका विभिन्न जोखिमयुक्त स्थानमा रहेका नेपाल टेलिकमका सक्रिय ग्राहकलाई जल तथा मौसमजन्य विपत्सम्बन्धी प्रकोप तथा विपत् जोखिमको पूर्वसूचना तथा तत्सम्बन्धी जानकारी ११५५ सर्टकोड प्रयोग गरी एसएमएसमार्फत पठाइने सम्झौतामा उल्लेख छ । वर्षा, हावाहुरी, चट्याङ, हिमपहिरो, हिमपात-हिमआँधी, तातो हावाको लहर (लु), शीतलहर, धूम्रपान, बाढी, आकस्मिक बाढीपहिरो, हिमताल विस्फोट र डढेलोजस्ता प्रकोपको पूर्वसूचना पठाइने बताइएको छ ।

विपत्सम्बन्धी पूर्वसूचना मोबाइल एसएमएसमार्फत प्रवाह गर्न नेपाल टेलिकमलाई विभिन्न नदी तटीय क्षेत्र तथा सम्भावित जोखिमयुक्त क्षेत्रका एसएमएस पोलिगन जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराउनेछ ।पश्चिम राप्ती, कन्काई, कोशी, बागमती, नारायणी, बबई, कर्णाली, महाकालीलगायत नदी तटीय क्षेत्र र अन्य स्थानीय तहको नक्सा वा जिल्लागत नक्सा वा आकस्मिक बाढी सम्भावित क्षेत्र वा उपयुक्त कुनै बेसिनको नक्सा नेपाल टेलिकमलाई उपलब्ध गराइनेछ । प्रकोपको प्रकृति, विस्तार क्षेत्र तथा त्यसको प्रभावस्तर अनुमान गर्न उपयुक्त हुने जिल्लागत नक्सा, स्थानीय तहगत नक्सा, विभिन्न स्थानका कुनै विशेष भूभाग समेटिएको नक्सा र अन्य उपयुक्त नक्सासमेत उपलब्ध गराइनेछ ।

## ● दियालो टेक्नोलोजिजले भित्र्यायो जेन-४ नानो-बायो प्रविधि

दियालो टेक्नोलोजिजले जलस्रोत, माटो र वातावरणीय संरक्षणका लागि अत्याधुनिक जेन-४ नानो-बायो प्रविधि नेपालमा भित्र्याएको छ । नेपालको सफ्टवेयर तथा डिजिटल प्रविधि क्षेत्रमा काम गर्दै आएको कम्पनीले भारतको बायोरिजेन बायोसाइन्सेज प्रालिसँगको साझेदारीमा यो प्रविधि नेपाल भित्र्याएको हो । कम्पनीका अनुसार यो प्रविधि भित्रिएसँगै नेपालमा पहिलोपटक जलाशय पुनर्जीवन, औद्योगिक फोहोर पानी व्यवस्थापन तथा माटो सुधारका लागि अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक जैविक प्रविधि व्यावसायिक रूपमा उपलब्ध हुनेछ । साझेदारीअनुसार बायोरिजेन बायोसाइन्सेजले आफ्ना जेन-४ जैविक उत्पादनहरु नेपालमा उपलब्ध गराउनेछ भने दियालो टेक्नोलोजिजले बजार विस्तार, प्रविधि कार्यान्वयन, डिजिटल मनिटरिङ र समग्र परियोजना व्यवस्थापनको जिम्मेवारी सम्हाल्नेछ ।

दुई कम्पनीको समझदारीअनुसार जलाशयहरूको पुनर्जीवनका लागि एक्वारिगेटिन र बायोरिगेटिन नामक फाइकोरमिडिएसन प्रविधि नेपालमा प्रयोग गरिनेछ । यो प्रकृतिमा आधारित नानो न्युट्रिएन्ट प्रणाली हो, जसले पानीको पारिस्थितिक प्रणालीलाई प्राकृतिक रूपमै सन्तुलनमा ल्याउँछ ।

कम्पनीकाअनुसार यो नवीन प्रविधिले पानीमा प्राकृतिक रूपमा रहेका लाभदायक सूक्ष्म जीवहरु, विशेषगरी डायटम्स तथा उपयोगी लेउलाई सूर्यको प्रकाश र कार्बनडाइअक्साइडको सहयोगमा सक्रिय बनाउँछ । यसले पानीमा प्राकृतिक रूपमै अक्सिजनको मात्रा बढाउनुका साथै पानीमा रहेका जैविक प्रदूषणका सूचकहरु बिओडी र सिओडीलाई उल्लेखनीय रूपमा घटाउने बताइएको छ । यसबाट पानीमा जम्मा भएका अतिरिक्त नाइट्रोजन र फस्फोरसको मात्रा कम गर्ने र दुर्गन्ध नियन्त्रण गर्न सकिन्छ । हाम्रा जलस्रोत, माटो र समग्र प्राकृतिक पर्यावरणलाई नै पुनर्जीवन दिनु आफूहरूको लक्ष्य भएको दियालो टेक्नोलोजिजकी प्रोजेक्ट म्यानेजर मेलिना खनालले बताइन् । यस साझेदारीले नेपालको वातावरण संरक्षणको क्षेत्रमा नयाँ र सकारात्मक सम्भावनाहरूको सिर्जना गर्ने उनले बताइन् ।

## ● लक्ष्मी सनराइज, डब्लुडब्लुएफ र काम्दी सिएफसिसीबिच सम्झौता

वातावरण संरक्षण तथा जलवायु परिवर्तनका चुनौती सामना गर्ने प्रतिबद्धताअनुरूप लक्ष्मी सन्राइज बैंकले प्रमुख वातावरणीय अभियान 'द गोल इज ग्रिन' कार्यान्वयनका लागि डब्लुडब्लुएफ नेपाललाई प्राविधिक संरक्षण साझेदारका रूपमा आबद्ध गरेको छ ।

बैंकले फिफा वर्ल्डकप २०२६ का सम्पूर्ण खेलमा हुने प्रत्येक गोलबराबर एक रूख रोप्ने प्रतिबद्धता गरेको थियो । विश्वकप फुटबलको उत्साहलाई वातावरण संरक्षणसँग जोड्दै बैंकले नेपालमा दीर्घकालीन सकारात्मक प्रभाव सिर्जना गर्ने उद्देश्यसहित यो अभियान सञ्चालन गरेको बताएको छ । यस सहकार्यअन्तर्गत डब्लुडब्लुएफ नेपालले अभियानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ । संरक्षण क्षेत्रमा हासिल गरेको लामो अनुभव र विशेषज्ञताका आधारमा डब्लुडब्लुएफ नेपालले बैंकलाई आफ्नो स्थानीय संरक्षण साझेदार काम्दी सिएफसिसीसँग जोडेको हो । काम्दी सिएफसिसीले उपयुक्त स्थानमा स्थानीय जैविक विविधताअनुकूल रैथाने प्रजातिका बिरूवा रोप्नुका साथै तिनको दीर्घकालीन संरक्षण र व्यवस्थापन गर्नेछ भने डब्लुडब्लुएफ नेपालले प्रजाति छनोट, रोपाइँका लागि उपयुक्त क्षेत्रको पहिचान तथा पारिस्थितिअनुकूल पुनर्स्थापनासम्बन्धी प्राविधिक मार्गदर्शन प्रदान गर्नेछ ।

बैंकको दिगोपनप्रतिको प्रतिबद्धता डब्लुडब्लुएफ नेपालको प्राविधिक दक्षता तथा काम्दी सिएफसिसीको समुदायमा आधारित संरक्षण अनुभवलाई एकीकृत गर्दै 'द गोल इज ग्रिन' अभियानले विद्यमान संरक्षणका प्रयासलाई थप सशक्त बनाउने, जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउने तथा वन संरक्षणमा समुदायको दीर्घकालीन सहभागिता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ ।

## ● सेजको बक्यौता भाडा असुल गर्न प्राधिकरणको ताकेता

सरकारले औद्योगिक क्षेत्रपछि विशेष आर्थिक क्षेत्र (सेज)को बक्यौता भाडा असुल कार्यलाई तीव्रता दिएको छ । विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरणले लामो समयदेखि भाडा नतिर्ने उद्योगलाई पत्राचार गरेर भुक्तानीका लागि एक साताको म्याद दिएको हो । प्राधिकरणले तोकिएको समयमा बक्यौता भाडा नतिरे बिजुली-पानी काटिदिने चेतावनीसमेत दिएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी यादवको ठाडो निर्देशनपछि सेजभित्र सञ्चालनमा रहेका उद्योगहरूको वर्षौंदेखि उठ्न बाँकी भाडा असुली प्रक्रिया तीव्र पारिएको मन्त्रीको सचिवालयले जनाएको छ । प्राधिकरणले ताकेता गरेपछि हालसम्म १६ करोड रूपैयाँ बक्यौता भाडा असुली भएको सचिवालयले जनाएको छ । 'पहिलो सूचीअनुसार ६ करोड १४ लाख ५८ हजार दुई सय ५९ रूपैयाँ १२ पैसा असुली भएको छ भने दोस्रो सूचीअनुसार नौ करोड ९५ लाख ९२ हजार चार सय ९२ रूपैयाँ ४१ पैसा असुल गरिएको छ,' सचिवालयले उल्लेख गरको छ, 'दुवै सूचीमा गरी १६ करोड रूपैयाँभन्दा बढी रकम असुल भइसकेको छ ।'

## ● आवासीय भवन निर्माणमा नेपाल लाइफको सहयोग

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले दृष्टिविहीन बालबालिकाका लागि निर्माणाधीन आवासीय भवन सम्पन्न गर्न आर्थिक सहयोग गरेको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत काठमाडौं राउन्ड टेबल-१ मार्फत त्रिनेत्र फाउन्डेसनलाई उक्त सहयोग उपलब्ध गराएको हो ।

कम्पनीका अनुसार नवनिर्मित आवासीय भवनमा ६० जनासम्म दृष्टिविहीन बालबालिकाले सुरक्षित, सहज र स्नेहपूर्ण वातावरणमा बसोवास गर्न सक्नेछन् । भवनमा छात्रावास, कक्षाकोठा, सरसफाइका आवश्यक सुविधा, ब्रेल पुस्तकालय, संगीत कक्ष तथा अन्य आवासीय सुविधा समावेश गरिएका छन् । यसअघि त्रिनेत्र फाउन्डेसनले सीमित स्रोत-साधनबिच भाडाको सानो घरबाट सेवा सञ्चालन गर्दै आएको थियो । नयाँ भवन सञ्चालनमा आएपछि दृष्टिविहीन बालबालिकालाई गुणस्तरीय आवास, शिक्षा तथा जीवनोपयोगी सिप प्रदान गर्ने संस्थाको क्षमता विस्तार हुने अपेक्षा गरिएको छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कम्पनीले व्यावसायिक सफलतासँगै समाजमा सकारात्मक प्रभाव सिर्जना गर्ने कार्यलाई पनि प्राथमिकता दिएको बताए ।

## ● एआई-सञ्चालित क्रिएटर मार्केटिङ प्लाटफर्म 'भिल' सुरु

दक्षिण एसियाली बजारलाई लक्षित गर्दै एआई (कृत्रिम बुद्धिमत्ता)द्वारा सञ्चालित क्रिएटर मार्केटिङ प्लाटफर्म 'भिल'को सेवा सुरू भएको छ । यससँगै कम्पनीले नेपाल र भारतमा आफ्नो उपस्थिति विस्तार गर्दै व्यवसाय तथा कन्टेन्ट क्रिएटरलाई एउटै डिजिटल माध्यममा जोड्ने नयाँ अध्यायको सुरूवात गरेको हो । परम्परागत रूपमा इमेल, म्यासेजिङ एप, स्प्रेडसिट वा छुट्टाछुट्टै भिडियो सम्पादन र भुक्तानी प्रणालीमा निर्भर हुनुपर्ने झन्झटिलो प्रक्रियालाई विस्थापित गर्दै भिलले सबै क्रिएटर अभियान व्यवस्थापन एउटै प्लाटफर्ममा सम्भव बनाएको बताइएको छ ।

## गत भाद्र...

दलका नेता तथा कार्यकर्ताहरूमाथि समेत प्रतिशोधको राजनीति गर्दै धेरै व्यक्तिहरूमाथि मुद्दा लगाउँदै आएका भएपनि त्यस्ता मुद्दाहरूमा सरकारले प्रमाण जुटाउन सकेको छैन । त्यही कारणले गर्दा पक्राउ परेका व्यक्तिहरु धमाधम अदालतबाट रिहा हुँदै आएका छन् । त्यसको प्रत्यक्ष प्रमाण हुन नेकपा एमालेका उपाध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री विष्णु पौडेलमाथि अंकुत सम्पत्ति कमाएको आरोप लगाएको थियो । उनलाई अदालतले साधारण तारेखमा रिहा गर्दै सरकारले लगाएको आरोपको प्रमाण जुटाउन नसकेको निर्णय सुनाउँदै उनलाई रिहा गर्न विशेष अदालतले आदेश दिएको थियो ।

गत फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको थियो । त्यसरी मत पाउनुको कारण थियो गत भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा भएको गोली काण्ड । सो विरोध प्रदर्शनलाई रास्वपा लगायतका अन्य केही व्यक्तिहरूले समर्थन गरेका थिए । त्यस दिन काठमाडौमा १९ र इटहरीमा गोली लागेर २ जनाको गरी जम्मा २१ जनाको निधन भएको थियो । त्यही प्रदर्शनलाई लिएर भाद्र २४ गते विध्वसात्मक कार्य भयो । सिंहदरबार जलाइयो, सर्बोच्च अदालत जल्यो, संसद भवन जल्यो, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, जिल्ला अदालत, स्वास्थ्य मन्त्रालय, सडक विभागलगायत राजनीतिक दलका शिर्ष नेताहरु त्यसमा पनि कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरूका निजी निवास जलाइयो भने केही व्यवसायिक भवन समेत जलाइयो । त्यस घटनामा संलग्न भएका व्यक्तिहरु प्रायः सबै रास्वपामा प्रवेश गरे । भाद्र २३ गेतेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङ काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साह लगायत सबै रास्वपामा प्रवेश गरे । उनीहरूले भाद्र २३ गतेको घटनामा तत्कालिन केपी ओली नेतृत्वको सरकारले गोली चलाएर विद्यार्थीको हत्या गरेको भन्दै त्यही कुरालाई जनतासामु पुऱ्याएका र बालेन साहले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा लागो लगाईदिन्छु भन्ने स्टाटस नै लेखेका थिए । राजनीतिक दलहरूप्रति जनताको आक्रोश बढिरहेको बेला त्यस्तो घटना भएकोले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो ।

अहिले रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ । सरकार गठन भएको ४ महिना नपुग्दै हिजो जेनजीहरु नै विरोध प्रदर्शनमा लागेका थिए भने अहिले जेनजीहरु नै बालेन सरकारको विरोधमा उत्रिएका छन् भने पानी बाँड्न आएको बताउने सुधन गुरूङ गृहमन्त्री रहेका छन् । भाद्र २३ र २४ गतेको बालेनको स्टाटस र सुधन गुरूङले त्यसबेला सुशिला कार्की लगायत अन्य केही व्यक्तिहरूसँग गरेका कुराकानीको निष्पक्ष रूपमा अनुसन्धान गरिएको खण्डमा भाद्र २३ र २४ गतेको घटनामा को को सहभागि छन् भनेर प्रष्ट हुन्छ । त्यसबेला सुरक्षा निकयाले देखाएको व्यवहार र नेपाली सेना ब्यारेकबाट बाहिर नआउनु र सिंहदरबार सर्बोच्च अदालत जल्दा समेत त्यही रहेका सेना मौन बस्नुको अर्थ के थियो ?

भाद्र २३ गते सेना परिचालन हुन नसक्नुको कारण सुरक्षा परिषद्ले निर्णय गरेको थिएन भनिएको छ तर २३ गतेपछि सुरक्षा परिषद् को अध्यक्ष नै नरहेको, गृहमन्त्री लगायतका सदस्यहरु केही नरहेको अवस्थामा २३ गतेपछि नेपाली सेना कसको आदेशमा परिचालन भयो त ? त्यसको जवाफ आजसम्म नेपाली जनताले पाउन सकेको छैनन् भने नेपाली सेनाका प्रधानसेनापति पटक पटक आन्दोलनकारीहरूँग भेट्न र बालेनले अब प्रधानसेनापतिसँग वार्ता गर भन्नु र सुधनले बार्ता गर्नु के कागताली मात्र थियो त ?

## मनसुन...

खोल्सा, तथा नदी तर्ने प्रयास नगर्न प्राधिकरणले सूचनामार्फत अनुरोध गरेको छ । वर्षा भइरहेको समयमा काठ दाउरा टिप्न, माछा मार्न वा पौडी खेल्न खोला वा नदीमा नजान, पहिरोको जोखिम भएका क्षेत्र आसपास अनावश्यक रूपमा आवतजावत नगर्न प्राधिकरणले ध्यानाकर्षण गराएको छ । जोखिमयुक्त पुल तथा खोलाको किनारामा उभिएर फोटा, भिडियो नखिच्न, पैदलयात्रा तथा 'हाइकिङ'मा सकेसम्म एक्लै नजान र विपद्को सोँत देखिएमा सुरक्षित स्थानमा जान र स्थानीय प्रशासन र सुरक्षाकर्मीलाई सम्पर्क गर्न भनिएको छ । यसैगरी, आ̂नो घरवरिपरि रहेका ढल तथा नाली सफा राख्न, बर्खाको समयमा सर्पले डस्ने जोखिम धेरै हुने भएकाले घरवरपर सफा राख्न, राति बाहिर हिँड्दा टर्च लाइटको प्रयोग गर्नु आवश्यक छ ।

चट्याङ पर्न लागेमा तुरून्त सुरक्षित स्थानमा जान, महत्वपूर्ण कागजात, अत्यावश्यक औषधि, नबिग्रने खानेकुरा एउटा झोलामा सुरक्षित राख्न, मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री चार्ज गरेर राख्न प्राधिकरणले सूचनामार्फत आग्रह गरेको छ । अफवाहको पछाडि नलाग्न, आधिकारिक स्रोतबाट प्राप्त सूचनामा मात्र विश्वास गर्न, मौसम र विपद्बारेको आधिकारिक सूचना नियमित सुन्न एवम् हेर्न सचेत गराइएको छ । विपद्सम्बन्धी सूचना एवम् उद्धारका लागि १२३४, १०० र ११४४ र मौसमसम्बन्धी जानकारीका लागि ११५५ मा सम्पर्क गर्न अनुरोध गरेको छ । यस वर्षको मनसुन गत असार ५ गतेदेखि सुरू भइसकेको छ । विपद्का कारण ठूलो जनधनको क्षति हुन नदिन र पूर्वसावधानी अपनाउनका लागि प्राधिकरणले अनुरोध गर्दै आएको छ । यसैबीच, पछिल्लो २४ घण्टामा देशभर कुल ४७ वटा विपद् का घटना घटेका छन् । प्राधिकरणका अनुसार विपद्का कारण १३ लाख १० हजार रूपैयाँ बराबरको अनुमानित क्षति भएको छ । विपद्मा परेर तीन जनाको ज्यान जाँदा आठ जना घाइते भएका छन् । साउन ५ गते बिहानदेखि ६ गते बिहानसम्म सर्पदंश, आगलागीका आठ/आठ वटा घटना घटेका छन् । यस्तै, बाढीका दुई, पहिरो १४, अविरल वर्षा आठ, जनावर आक्रमण तीन र हावाहुरीको एक घटना घटेका छन् ।

## शिक्षा...

नाममा कर्मचारीहरूलाई थकाउने सम्वैधानिक निकायका काम कारबाहीमा दख्खल पुऱ्याउने जस्ता कार्यमा सांसदहरु लाग्नु भनेको सिधै हस्तक्षेपकारी भूमिका हो । आफ्नो पार्टीका झण्डै दुई तिहाई मत संसदमा रहेको छ भन्दै कर्मचारी र जनतालाई थर्काउन खोज्नु संसदीय परम्परा होइन । समय समयमा विभिन्न पार्टीले दुई तिहाईको सरकार सञ्चालन गरेका छन् भने त्यो दुई तिहाईको सरकार समेत पुरै कार्यकाल टिक्न सकेको इतिहास नेपालमा छैन । २०१६ सालदेखि २०७९ सालसम्ममा पटक पटक दुई तिहाईको सरकार निर्माण भएको थियो तर आपसी द्वन्द्वकै कारण कुनैपनि सरकार पूरा कार्यकाल टिक्न सकेन । २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको भरमा झण्डै दुई तिहाई मत पाएर बालेन सरकार गठन २०८२ चैत्र १३ गतेदेखि नै प्रतिशोधको राजनीतिमा लागेको हुनाले बालेन सरकार पूरा कार्यकाल टिक्न सक्छ भन्ने कुनै ग्यारेन्टी छैन ।

बालेन सरकार निर्माण गर्न र निर्वाचनको बेला रास्वपालाई सघाउने विभिन्न संयन्त्रहरु अहिले सरकारको विरोधमा उत्रिन थालेका छन् । ०८२ फागुन २१ गते सम्पन्न भएको निर्वाचन केबल देखाउनका लागि मात्र थियो । त्यो निर्वाचन स्वच्छ, निष्पक्ष नभएको विभिन्न अध्ययनहरूले देखाएको हुनाले बालेन सरकार लामो समयसम्म जान्छ भन्ने ग्यारेन्टी छैन ।

सरकारले प्रतिशोधको नीति लिएको हुनाले र संसदमा पनि बहुमतको दम्भ देखाउँदै विपक्षी दलहरूलाई पेलेरै अघि बढ्ने प्रयास गरी रहेकाले गर्दा जनता विस्तारै सरकारको विरूद्धमा सडकमा उत्रिन थालेका छन् भने झण्डै दुई तिहाई नजिकको बालेन सरकारले आजसम्म नभएको बत्तीमा कर, शिक्षा कर, स्वास्थ्य कर, लाशमा कर लगाएर संविधानकै उल्लंघन गरेको छ ।

संविधानमा शिक्षा, स्वास्थ्य, निःशुल्क भनेर उल्लेख गरिएको भएपनि त्यसलाई उल्लंघन गरी गरिब जनतालाई करमाथि कर थोपरिएको हुनाले सरकार संकटमा पर्न सक्छ ।

## रास्वपा...

नारा नारामै सिमित भएपछि सभापति लामिछाने समेत असन्तुष्ट रहेको रास्वपाकै सांसदहरूले बताउँदै आएका छन् । खास गरेर अर्थमन्त्री वाग्ले सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिना, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरी यादव, पर्यटन मन्त्री खडगराज पौडेल (गणेश) लगायतका अन्य केही मन्त्रीहरूप्रति प्रधानमन्त्री साह असन्तुष्ट रहेका छन् भने सभापति लामिछाने सहितका केही नेताहरु भने प्रधानमन्त्री बालेन साहका सचिवालयमा रहेका व्यक्तिहरु प्रति रूष्ट रहेकाले गर्दा रास्वपामा खिचडी पाक्दै गएको आभास पाउन थालिएको छ ।

प्रधानमन्त्री साहले अर्थमन्त्री वाग्लेलाई वाइपास गरेर उद्योगी, व्यवासायी र बैकरहरूसँग बेग्लाबेग्लै भेटघाट गरिरहनुको अर्थ हो प्रधानमन्त्री साह अर्थमन्त्री प्रति रूष्ट रहेको सन्देश सभापतिलाई दिनु । यस कारणले गर्दा प्रधानमन्त्री साहले मन्त्रिपरिषद्को पुर्नगठन गर्नुपर्ने सन्देश सभापतिलाई दिइरहेका छन् । झण्डै दुई तिहाईको सरकार गठन भएको ४ महिना नपुग्दै विवादको घेरामा पर्नु भनेको रास्वपाको असफलता नै मानिनुपर्दछ ।

## बदलाको...

देखिन्छ । उनीहरूको मानवअधिकारको ख्याल गरिएन । प्रधानमन्त्री बालेन आफ्नै पार्टीका सांसद भेट्न र आफूँ निर्वाचित भएको क्षेत्रका जनताको समस्या सुन्न समेत गएका छैनन् । प्रधानमन्त्रीको सल्लाहकारमा आफ्नै साथीभाई र आफन्तलाई राखिएको छ । उनीहरूमा कुनै राजनीतिक ज्ञान देखिएको छैन ।

सस्तो लोकप्रियताका लागि उनीहरूले सरकारी र सम्वैधानिक निकायका पदाधिकारीहरूलाई हप्कीदप्की गर्ने र केहीलाई राजिनामा दिन दवाव दिने कार्य समेत गर्ने गरेका आरोप लाग्दै आएको छ । रास्वपाकै सांसदहरूले आफूहरूले प्रधानमन्त्रीलाई भेट्न र आफ्ना समस्याहरु राख्न नपाएको सार्वजनिक रूपमा अभिव्यक्ति दिन थालेका छन् । प्रधानमन्त्री साहले संसदको रोष्ट्रमबाटै भारतले मात्र होइन नेपालले समेत भारतको भूमि मिचेको छ भन्ने उद्घोष गरेका भएपनि उनले आजसम्म नेपालले भारतको कहाँको भूमि कति मिचेको छ भनेर नत संसदलाई जानकारी गराएका छन् नत जनतालाई नै ।

गत भाद्र २३ र २४ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यमा सहभागि भएका प्रायः सबै व्यक्तिहरूलाई रास्वपामा प्रवेश गराएर उनीहरूलाई रास्वपाले सांसदको उम्मेदवार बनाएकाले उनीहरु सांसद बनेका छन तर उनीहरूका बारेमा भाद्र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न रहेका प्रमाण हुँदाहुँदै कुनै कारबाही नगरिनुले बालेन सरकारले कानूनी राज्य भनेपनि व्यवहामा त्यस्तो देखिएको छैन ।

सरकारले विपक्षी दलहरूलाई तर्साउने मुद्दा मामिला लगाउने धम्की दिने जस्ता कार्य मात्र गरिरहेको प्रमाण त सरकारले पक्राउ गरि मुद्दा चलाएका व्यक्तिहरूलाई अदालतले मुद्दा चलाउने प्रमाण नै नपुगेको भन्दै रिहा गरेबाटै प्रष्ट हुन्छ । बालेन सरकार र रास्वपा पूराना दलहरूप्रति रूष्ट हुँदै उनीहरूका नेता तथा कार्यकर्ताहरूमाथि मुद्दा चलाउने थुनछेक गर्ने मात्र होइन सञ्चारकर्मी देखि अन्य तहका राजनीतिक संघ संगठनदेखि व्यक्ति व्यक्तिहरूलाई दुःख दिने उनीहरूमाथि प्रतिशोध लिने कार्यमा सक्रिय रहेकाले त्यस्तो कार्यले बालेन सरकार आफैँ संकटको भूमरीमा पर्ने निश्चित रहेको छ ।

## दृश्य...

सक्रिय रहेका देखिन्छ । तर हामीकहाँ भने प्रधानमन्त्री कुनै अँध्यारो कोठामा बसेर आफ्ना केही सल्लाहकारको सल्लाहमा मात्र अघि बढिरहेका छन् । उनी सञ्चारकर्मीसँग बोल्न कहिल्यै तयार हुँदैनन् । उल्टो सञ्चारमाध्यमलाई बन्द गराउन सरकारी सञ्चार माध्यम बाहेक निजी क्षेत्रको सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय गरेर सञ्चारमाध्यलाई धराशयी बनाउने कार्यमा सक्रिय रहेका छन् ।

बालेन सरकार जेनजी विद्रोहको अप्रत्याशित उत्पादन नै हो । त्यसैले आज देशमा बालेन सरकार रहेको छ । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यको उपज नै बालेन सरकार हो । भाद्र २३ र २४ गतेको घटनमा रास्वपा लगायतका विभिन्न शक्तिहरु दृश्य अदृष्य रूपमा संलग्न भएका थिए । तत्कालिन सरकारले रास्वपाको सभापति रवि लामिछानेमाथि सहकारी ठगीको मुद्दा चलाएको थियो । उनी पुर्पक्षका लागि जेलमा रहेका थिए । उनलाई भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनले जेलमुक्त गराएको थियो । भाद्र २३ र २४ गतेको घटनामा संलग्न रहेकाहरु सबै रास्वपामा प्रवेश गरेका र उनीहरु नै सांसद बनेका छन् । त्यही मेसोमा बालेन साह समेत रास्वपामा प्रवेश गरेर निर्वाचित भएका हुन् । तर उनी काठमाडौ महानगरको मेयर रहँदा उनले देखाएको व्यवहरा र उनले लेखेका स्टाटसहरु भित्र षड्यन्त्रको गन्ध लुकेको थियो । उनलाई मुलुकभित्रै कै दृश्य र अदृश्य शक्तिले सहयोग गरेर सत्ताको नेतृत्वमा पुऱ्याएका हुनाले उनी संसदप्रति विश्वास गर्दैनन् भने प्रतिशोधका राजनीतिमा मात्र रमाउन थालेका हुनाले रास्वपा साँच्चिकै राजनीतिक पार्टी हो भने उसले अब साच्ने बेला आएको छ के रास्वपा पाँच वर्षपछि फेरी जनतामा जानु पर्दैन र ? त्यसको हेक्का सभापति लामिछानेलाई होस् ।

## घमण्ड

त्यसको हेक्का रास्वपा र बालेन साहलाई भएकै हुनुपर्दछ । जनताले एक पटकको लागि दिएको दुई तिहाईलाई विपक्षी दललाई पेल्ने उनीहरूलाई प्रतिशोध लिने कर्मचारीतन्त्रलाई तहस नहस पार्ने सञ्चार जगत्लाई नाकाबन्दी गरेर सञ्चारमाध्यम नै बन्द गराउने जस्ता कार्य गर्न जनताले दुई तिहाईको मत दिएका होइनन्/थिएनन् । पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र लगायतका दलहरूले मुलुकको लागि केही गर्दै गरेनन् भन्ने होइन । उनीहरूमा समेत पछिल्लो पटक केही दम्भ बढेको थियो । हामी बाहेक अरू कोही छैन भन्ने दम्भमा उनीहरु रमाउँदै आएका थिए । ठीक त्यही बेला षड्यन्त्रमूलक ढँगले भाद्र २३ र २४ गतेको घटना घटाइयो । सो घटना घटाउने पात्रहरु नै प्रायः सबै अहिले रास्वपाका नेता मन्त्री सांसद रहेका छन् । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङ कसरी एकाएक नेता बने ?

तत्कालिन काठमाडौ महानगरका मेयर बालेन सरकारले भाद्र २३ को घटनापछि किन अव नेपाली सेनाका प्रधानसेनापति सँग वार्ता गर भनेर स्टाटस लेखे ? अब त्यसको खोजविन गरी अनुसन्धान हुनु आवश्यक छ । जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङले नै विरोध प्रदर्शनका लागि काठमाडौ जिल्ला प्रशासनमा निवेदन दिएका हुनाले प्रदर्शनमा भएको उग्र व्यवहारको जिम्मेवारी विरोध प्रदर्शन गर्नेले लिनुपर्ने कि नपर्ने ? सेनासँग वार्ता गर भन्नुको रहस्य के थियो ? अब त्यसको अनुसन्धान गरी अपराधमा संलग्न भएका सबैमाथि कानुनी कारबाही गर्न के बालेन सरकार तयार छ ?

## आफ्नो...

दिन सकेको छैन भन्ने सरकारको ध्यान विपक्षी दलका नेता र कार्यकर्ताहरूलाई तह लगाउने कार्यमै सिमित भएको छ । डाक्टरहरूले हामीहरु अरूलाई निको पार्छौं, हामीलाई कसले निको पार्दछ भन्ने भन्दै सडकमा प्रदर्शन गरिरहेका दृष्यहरु देखिएका छन् । त्यस्ता डाक्टरहरूको आँखामा आँसु समेत बगेको देखिन्छ । तर विरामीको उपचार गर्नुपर्ने डाक्टरहरु नै सडक आन्दोलनमा आएको यो पहिलो पटक भने होइन । सरकारले विभिन्न अस्पतालमा इन्टर्नसिप, चिकित्सक, मेडिकल अधिकृत, आवासीय चिकित्सक, प्रशिक्षार्थी डाक्टर र मेडिकल अधिकृतलाई श्रम ऐन २०७४ ले तोके बमोजिम काममा लगाएको भएपनि उनीहरूको श्रम शोषण गरिरहेको आरोप लगाउँदै आएका छन् । तर बालेन सरकार समस्याको समाधान गर्न तयार देखिएको छैन ।

सडकमा भएको विरोध प्रदर्शनलाई सरकारले पूराना दलहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि केही व्यक्तिहरूलाई सडकमा उतारेको आरोप लगाउँदै आएको छ । सरकारले लगाएको आरोपको कुनै रूपबाट पनि पुष्टि हुन सक्दैन । केही समय पहिला सञ्चारकर्मीहरु सडक आन्दोलनमा उत्रिएका थिए । त्यसबेला पनि सरकारले त्यस्तै आरोप लगाएको थियो ।

झण्डै दुई तिहाईको बालेन सरकार गठन भएकै दिन देखि प्रतिशोधको राजनीतिमा उत्रिएको छ । विपक्षी दलका नेताहरूलाई पक्राउ गर्दै थुनामा पठाउँदै आएको भएपनि न्यायालयले सरकारले लगाएको आरोपको पुष्टि हुन नसकेको भन्दै उनीहरूलाई रिहा गर्दै आएको हुनाले पुष्टि हुन्छ बालेन सरकार र रास्वपा प्रतिशोधको राजनीतिमा सक्रिय रहेको छ भनेर ।

बालेन सरकारले आफ्नो नेतृत्वको सरकारको असफलतालाई लुकाउनका लागि र विपक्षी दलका नेता तथा कार्यकर्ताहरूमाथि विभिन्न प्रकारका आरोप लगाउँदै आएको भएपनि अदालतले सरकारको त्यस्तो कार्यलाई समर्थन नगरेको हुनाले प्रधानमन्त्री बालेन र रास्वपाका सांसदहरूले नै न्यायालयमाथि जथाभावी बोलन थालेका छन् ।

रास्वपाका नेता तथा कार्यकर्ताहरूलाई न्याय दिंदा वा–वा गर्ने तर विपक्षी दलका नेता र कार्यकर्ताहरूलाई विना कारण पक्राउ गर्दा न्यायलयले आरोप प्रमाण्ति हुन सकेन भन्दै रिहा गर्दा न्यायलयकै विरूद्धमा खनिने रास्वपाका नेता तथा कार्यकर्ताहरूको प्रवृत्ति रास्वपाकै लागि घातक सावित हुन सक्छ । मुलुकको प्रधानमन्त्री रहेका व्यक्तिले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्नेमा प्रधानमन्त्री बालेन साहले त्यस्तो व्यवहार देखाउन सकेका छैनन् भने स्टाटस मार्फत पूराना दलका नेताहरूलाई गाली गर्दै स्टाटस लेख्ने गरेकाले रास्वपाका अन्य नेताहले समेत त्यस्तै गर्न थालेका हुनाले यो कार्य रास्वपा र प्रधानमन्त्री बालेनकै लागि घातक सावित हुन सक्छ भन्ने हेक्का उनीहरूलाई होस् ।


**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौ,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार